# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क २० २०७३ मङ्सिर ६ गते सोमबार Monday, Nov 21, 2016 पृष्ठ ८ मूल्य रु. १०।-

## क्रान्तिकारी माओवादीका दुई नेता चीन प्रस्थान





**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी)का कार्यालय सदस्य रामसिंह श्रीस र सचिवालय सदस्य दिनेश शर्मा आइतबार चीन प्रस्थान गरेका छन् । चिनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणामा चीन भ्रमणमा निस्किएका नेताहरु दशदिनपछि स्वदेश फर्कनेछन् । भ्रमणमा माओवादीकेन्द्रका जनजाति नेता सुरेश आलेमगर र डा. महेश मास्के र एमालेका दुई नेता पनि गएका छन् । दक्षिण एशियामा कम्युनिष्ट पार्टीहरुको अवस्थाका बारेमा गर्न लागेको अन्तर्क्रियात्मक कार्यक्रममा नेताहरुलाई चीनले निम्त्याएको नेकपा (क्रान्तिकारी माओवादी) कार्यालयले जनाएको छ ।

## क्रान्तिकारी माओवादीमा ध्रुवीकरणको लहर

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालमा आफूलाई खरो रुपमा उतार्दै आएको नेकपा (क्रान्तिकारी माओवादी) मा देशैभरबाट ध्रवीकरण हुनेको लहर नै चलेको छ । शान्ति प्रक्रियासँगै माओवादी पार्टीभित्र देखा परेको अवसरवादी तप्कालाई पराजित गर्दै क्रान्तिकारी माओवादीले आफूलाई सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टीमा उभ्याउन सफल भएको भन्दै देशैभरबाट पार्टी प्रवेशको लहर चलेको छ । यसअघि विभिन्न राजनीतिक वैचारिक भ्रममा परेर अन्य माओवादीमा रहेका र फरक राजनीतिक धारमा रहेका समेत अहिले धमाधम क्रान्तिकारी माओवादीमा प्रवेश गर्न थालेका हुन् । सोही क्रममा नेकपा (माओवादी) मातृका समूहका बैतडी जिल्ला अध्यक्ष भुवन भट्ट र जनमुक्ति पार्टीका जिल्ला अध्यक्ष भुवन आउजी नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन् ।

उता बझाङमा राष्ट्रिय सेवा दलका जिल्ला अध्यक्ष जनकराज भट्ट पनि नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन् । उनीहरुले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका लागि संघर्षरत एकमात्र पार्टी क्रान्तिकारी माओवादी मात्रै भएको भन्दै सबैलाई

*... बाँकी ४ पेजमा*

# ‘जनताले शान्तिसम्झौता उल्ट्याइदिनेछन्’




◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य‘किरण’ले शान्तिसम्झौताको नाममा क्रान्तिप्रति गम्भीर धोका भएको भन्दै जनताले शान्तिसम्झौता उल्ट्याइदिने दावी गरेका छन् ।

शान्ति सम्झौताका १० वर्षमा नेपाली जनतालाई अपमानित गर्दै जनयुद्धका उपलब्धिको हत्या गरिएकाले अब नयाँ जनवादी क्रान्तिको तयारी गर्नुको विकल्प नदेखिएको पनि अध्यक्ष किरणले बताएका छन् ।

उनले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षताजस्ता केही विषय संविधानमा समेटिएको भएपनि यसले जनताको समस्याको हल गर्ने अवस्था नरहेको उल्लेख गर्दै अहिलेको संविधानलाई संशोधन गरेर कुनै हल निस्कन नसक्ने ठोकुवा गरे ।

तत्कालीन नेकपा (माओवादी) र सरकारबीच वृहत शान्ति सम्झौता भएको १० वर्ष पुरा भएको अवसरमा राजधानीमा आइतबार आयोजित एक अर्न्तक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष किरणले संविधानमा जुनसुकै कुरा लेखिएको भएपनि त्यसको कार्यान्वयनमा भने कुन वर्गको हातमा राज्यसत्ता छ भन्ने कुराले निर्भर गर्ने बताए ।

उनले भने, ‘अहिले संविधानमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षताजस्ता कुरा आएका छन् भनेर भनिएको छ तर, के त्यसले जनताको अग्राधिकारलाई स्थापित गर्छ ? देशव्यापी रुपमा संघर्षमा रहेका मधेसी, आदिवासी जनजाति, दलित, थारु, कर्णालीका जनताको समस्यालाई हल गर्न सक्छ भन्ने प्रश्न

*... बाँकी ८ पेजमा*

### शान्ति सम्झौताका मुख्य घटनाक्रम

**२०६३ मंसिर ५ गते** : सरकार-माओवादीद्वारा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर, लडाकू र हतियार २८ क्यान्टोन्मेन्टमा राख्ने सहमति ।

**२०६३ मंसिर २२ गते** : सेना तथा हतियार व्यवस्थापन-अनुगमन सम्झौतामा हस्ताक्षर ।

**२०६४ पुस १२ गते**: राष्ट्रसंघीय मिसन (अनमिन) द्वारा लडाकू र हतियारको वर्गीकरण सम्पन्न ।

**२०६६ पुस १ गते** : सरकार-माओवादीबीच अयोग्य लडाकूलाई क्यान्टोन्मेन्टबाट बाहिर निकाल्ने सहमति ।

**२०६६ माघ २५ गते** : अयोग्य लडाकूको क्यान्टोन्मेन्टबाट बहिर्गमन ।

**२०६७ माघ १ गते** : नेपालस्थित राष्ट्रसंघीय मिसन (अनमिन) को बिदाई ।

**२०६७ माघ ८ गते** : माओवादी लडाकूहरूको शिविर (क्यान्टोन्मेन्ट) औपचारिक रूपमै विशेष समिति मातहत आएको घोषणा ।

**२०६८ चैत २२ गते** : सेना समायोजन प्रक्रिया टुंग्याउने विशेष समितिको निर्णय ।

**२०६८ चैत २८ गते** : प्रमुख दलहरूबीच लडाकू शिविर र हतियार सरकार मातहतमा ल्याउने सहमति ।

**२०६९ असोज ७ गते** : नेपाली सेनाद्वारा अन्य दर्जाका लागि १ हजार

*... बाँकी ८ पेजमा*

## कुनै पार्टीसँग तत्काल एकताको सम्भावना छैन : वैद्य

नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य ‘किरण’ ले केहिदिनअघि सम्पन्न पार्टीको सचिवालयले कुनै पार्टीसँग एकता गर्ने निर्णय नगरेको बताएका छन् ।

उनले अहिले क्रान्तिकारी माओवादी पार्टीको कार्यदिशा र योजनामा सहमत व्यक्तिलाई पार्टीमा सहभागी हुन बाटो खुल्ला गरिएको भएपनि कुनै पार्टीसँग पनि विचार र सिद्धान्त नमिलिकन एकता हुन नसक्ने बताए ।



नेकपा (क्रान्तिकारी माओवादी) को नेवाः राज्यस्तरीय प्रशिक्षण कार्यक्रममा कार्यकर्तालाई प्रशिक्षण दिँदै उनले भने, ‘ पार्टीको नीति र कार्यक्रम मान्नेलाई फर्किन बाटो खुल्ला रहेपनि कुनै पार्टीसँग एकता गर्ने विषयमा अहिले केही सोचिएको छैन ।’

उनले अहिलेको समस्या संविधान संशोधनबाट मात्रै समाधान हुने अवस्था नरहेकोले नयाँ संविधान निर्माण गर्नुको विकल्प

*... बाँकी ८ पेजमा*

## देजमो देशभर संगठन विस्तार अभियानमा

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी) को क्रान्तिकारी संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको देशभर संगठन विस्तार अभियान जारी रहेको छ । मोर्चा गठनको छोटो समयमा नै देशका विभिन्न जिल्लामा संगठन विस्तार गर्न सफल भएको मोर्चाले थप जिल्लामा पनि आफ्नो संगठन विस्तार गरेको छ ।

संगठन विस्तारका क्रममा विभिन्न राज्य तथा जिल्लामा नयाँ समिति गठन भएको छ ।



**सेम राज्यको संयोजकमा तपेन्द्र भण्डारी**

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको सेती-महाकाली राज्य समन्वय समिति संयोजकमा मोर्चाका केन्द्रीय सदस्य समेत रहेका तपेन्द्र भण्डारी चयन भएका छन् । मोर्चाको सेती-महाकाली राज्य समन्वय समिति सदस्यहरुमा हजारी चन्द, कमला ठगुन्ना, टिकाराम ओड, जयबहादुर धामी, लक्ष्मी जोशी, चक्र पार्की, किरण सेठी, जितेन्द्र स्वनाम, चन्द्र थापा, कृष्ण श्रेष्ठ, कृष्णप्रसाद जैसी, रमेशलगायत रहेका छन् ।

**बैतडी जिल्ला संयोजकमा हजारी चन्द**

हजारी चन्दको संयोजकत्वमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल बैतडी जिल्ला समितिको गठन गरिएको छ । सो समितिको सहसंयोजकमा कमला ठगुन्ना, सचिवमा टिकाराम लोहार, सदस्यहरुमा रानी दयाल, लक्ष्मण ओड, आनन्द टमटा, कोकिला टमटा, इश्वरी ओड, माया लोहार, विश्राम कोली, दुर्गा कोली, रश्मी ओड, विष्णा ओडलगायत रहेका छन् ।

**बझाङ संयोजकमा जयबहादुर धामी**

यस्तै जयबहादुर धामीको

*... बाँकी २ पेजमा*

## क्रान्तिकारी पत्रकार महासंघले दियो ‘वैकल्पिक महासंघ’को चेतावानी

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतको नेतृत्वमा गएको एक टोलीले नेपाल पत्रकार महासंघका अध्यक्ष डा.महेन्द्र विष्टसँगको भेटमा आफूहरुलाई निषेध गरेर जान खोजे क्रान्तिकारी पत्रकार महासंघलाई नै वैकल्पिक महासंघ बनाएर अघि बढ्ने चेतावानी दिएको छ । महासंघका अध्यक्ष विष्टलाई पाँचबुँदे ‘ध्यानाकर्षण पत्र’ बुझाउँदै क्रान्तिकारी महासंघले यस्तो चेतावानी दिएको हो । महासंघका अध्यक्ष राउतले ध्यानाकर्षण पत्रमा उल्लेख भएका विषयहरु सम्बोधन नगरिए वैकल्पिक महासंघको रुपमा अघि बढ्न बाध्य हुने चेतावानी दिएका थिए ।

शुक्रबार भएको उक्त भेटमा क्रान्तिकारी पत्रकार महासंघका महासचिव केशरमणि कटुवालले ध्यानाकर्षण पत्र वाचन गरेर सुनाएका थिए भने उपाध्यक्ष नारायण पंगेनीले गैरपत्रकारहरुको सदस्यता खारेजी गर्न र नेपाल पत्रकार महासंघलाई सक्कली श्रमजीवि पत्रकारहरुको साझा संगठन बनाउनुपर्नेमा जोड दिएका थिए ।

महासंघका सचिवालय

*... बाँकी ६ पेजमा*

## महान अक्टोबर समाजवादी क्रान्ति : सशस्त्र विद्रोहको कलात्मक प्रयोग

महान अक्टोबर समाजवादी क्रान्ति सशस्त्र विद्रोहका साथ तत्कालीन रुसका दुई राजधानी मस्को र पेत्रोग्रादमध्ये एक पेत्रग्रादमा परम्परागत पात्रो अनुसार २५ अक्टोबर १९१७ र नयाँ पात्रो अनुसार ७ नोभेम्बर १९१७ मा सम्पन्न भएका थियो । त्यसपछि रुसमा १९१७ देखि १९२२ सम्म गृहयुद्ध भएको थियो । जुन पछि १९२२ मा सोभियत संघको निर्माण भएपछि टुंगिएको थियो । सन् १९१८ पछि ७ नोभेम्बरलाई अक्टोबर क्रान्तिको बार्षिक उत्सवलाई औपचारिक राष्ट्रिय दिवस बनाइएको थियो । अक्टोबर क्रान्तिले विश्व इतिहासमा प्रथमपटक विशाल समाजवादी राज्यव्यवस्थाको जन्म दिएको थियो । आज त्यो क्रान्तिको सतवार्षिकी चलिरहेको छ। त्यो क्रान्तिमा तात्कालिक परिस्थितिको सही मूल्यांकन गरी मार्क्सवादी सिद्धान्त अनुरुप सशस्त्र विद्रोहलाई कसरी कलात्मक ढंगले कार्यान्वयन गरिएको थियो भन्ने बारेमा संक्षिप्त चर्चा गरिएको छ ।



परि थापा

लेनिनको नेतृत्वमा सच्चा मार्क्सवादी-लेनिनवादी सिद्धान्त, नीति र कार्यक्रमका आधारमा सशस्त्र विद्रोह मार्फत् सबैभन्दा पहिलो समाजवादी क्रान्ति अक्टोवर १९१७ मा रूसमा सम्पन्न भएको थियो । त्यसकारण हामीले सशस्त्र विद्रोह सम्बन्धी सही समझदारी र बुझाई बनाउनको लागि लेनिन र स्टालिन एवं उनीहरुले नेतृत्व गरेको रूसी कम्युनिष्ट पार्टी (बोल्शेभिक) द्वारा सफलतापूर्वक संचालन गरेको विद्रोहका बारेमा बुझ्न र अध्ययन गर्न आवश्यक छ। तर त्यो भन्दा अगाडी सशस्त्र विद्रोहका वारेमा मार्क्स/एङगेल्सद्वारा व्यक्त गरिएका निम्न लिखित विचारलाई मनन गर्दा राम्रो हुनेछ, किनभने उनिहरुले ब्यक्त गरेका विचारहरुबाट हामीले सही मार्क्सवादी-लेनिनवादी दृष्टिकोण अपनाउन र नीति बनाउन सक्दछौ ।

मार्क्स/एङगेल्सले विद्रोहलाई एउटा कलाको रुपमा उल्लेख गर्दै जर्मनीमा भएको क्रान्ति र प्रतिक्रान्तिको विस्तृत विवेचना गर्दै भन्नु भएको छः

…प्रथम, यदि तपाईले आफ्नो खेलको परिणामलाई पूर्णरूपले सामना गर्न तयार हुनुहुन्न भने विद्रोहसँग कहिल्यै नखेल्नुहोस । विद्रोह भनेको अनिश्चित व्यापकता सहितको विशेष हिसाब (calculus) हो, जसको मूल्य प्रत्येक दिन बदलिन सक्छ; तपाईको विरोधी शक्तिहरूले संगठन, अनुशासन र नियमित सत्ताको सम्पूर्ण सुविधा पाएका छन्; यदि तपाईले उनीहरूका विरूद्ध सशक्त बाजीमार्नु हुन्न भने तपाईले हारखानु हुन्छ र सिद्धिनु हुन्छ। दोस्रो, एक पटक विद्रोहात्मक काममा प्रवेश गरेपछि, उच्च प्रतिवद्धताका साथ कार्य गर्नु होस र आक्रामक बन्नुहोस् । प्रतिरक्षात्मक हुनु भनेको हरेक सशस्त्र विद्रोहको मृत्यु हो, त्यसैले त्यसले आफू स्वयमको मापन आफना सत्रुहरू संग गर्दछ भने पहिल्यै हारि सकेको हुन्छ । विरोधिहरूका शक्ति तितरवितर भएका बखत तिनीहरूलाई आकस्मिक ढंगले हमला गर्नु होस, सानै भएपनि दैनिक नयाँ सफलताहरूका लागि तयारी गर्नुहोस, पहिलो सफल विद्रोहबाट तपाइले पाएको नैतिक बललाई उच्चो राख्नुहोस; ति सबै ढुलमुले तत्वहरूलाई आफ्नो पक्षमा गोलबन्द गर्नुहोस्, जो सधै सबै भन्दा बलियो शक्तिको पछि लाग्दछन् र जसले सधै सुरक्षित पक्ष तर्फ हेर्दछन्, तपाईका सत्रुहरूलाई उनीहरूले तपाइका विरूद्ध शक्ति संचय गरि नसक्दै तिनीहरूलाई पछि हटन बाध्य पार्नुहोस, क्रान्तिकारी नीतिका अहिले सम्मकै महान शिक्षक दान्तोनका शब्दहरूमाः de l'adace, de l'adace, encore de l'adace ( Insurrection, Marx/Engels Selected Works Vol. 1 pp 377) ।

लेनिनले मस्को र पेत्रोग्रादको सोभियतमा मजदुर र सेनाका प्रतिनिधिहरुले बहुमत हासिल गरेपछि मार्क्स/एङ्गेल्सले भने जस्तै विद्रोहलाई एउटा कलाको रुपमा लिएर त्यसलमई धेरै प्रचारको विषय नबनाएरै बोल्शेभिकहरुले तत्काल सत्ताकब्जा

*... बाँकी ५ पेजमा*

## सम्पादकीय

# ‘क्रान्तिकारी धारा’ माथि घेराबन्दीको दशक

५ मंसिर, २०७३ अर्थात् शान्तिसम्झौताको एक दशक । ०५२ देखि ०६२ सम्म चलेको दशवर्ष लामो जनयुद्धका घाउहरु अझै आलै छन् । सपनाहरु अधुरै छन् । मुद्दाहरु ज्यूँको त्यूँ छन् । करिब १८ हजारको बलिदान, आधारइलाका, ८० प्रतिशत भूभागमा संचालित जनसत्ता, जनताको जनमुक्ति सेनालाई विघटन र बिसर्जन गरेर अगाडि बढाइएको शान्तिप्रक्रियाले प्रतिक्रान्तिलाई संस्थागत गऱ्यो र क्रान्तिले गम्भीर धक्का खान पुग्यो ।

दशवर्षे जनयुद्धकै जगमा अढाइसय वर्ष लामो सामन्ती राजतन्त्रको अन्त्य भएपनि राज्यसत्ता बदलिन सकेन । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरियो, एक थान संविधान जारी गरियो, समानुपातिक र समावेशी, धर्मनिरपेक्षताको पनि घोषणा गरिएपनि नयाँ रुपमा सारतः पुरानै राज्यव्यवस्था संस्थागत हुन पुगेको छ । संसदवादी व्यवस्थामाथि विश्वास गर्ने आदिवासी, जनजाति, मधेसीहरुको तीव्र असन्तुष्टीले ले संविधानको अन्तर्वस्तुलाई सजिलै बुझ्न सकिन्छ । अझ संविधानको भारतीयकरणका पछिल्ला विकसित घटनाक्रमले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको भयावह चित्रलाई उजागर गर्दछ । यसै प्रक्रियामा माओवादी आन्दोलनका शीर्ष नेताहरु प्रचण्ड र बाबुरामहरुको तीव्ररुपले संसदीयकरण र दलालीकरण भएको छ ।

अहिले कांग्रेस, एमाले र राप्रपाहरुसँगै प्रचण्ड–बाबुरामहरु पनि संसदीय राजनीतिको फोहरी आहालमा डुबुल्की मार्न पुगेका छन् । उनीहरुले संसदीय व्यवस्थालाई ‘खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो’ भन्दै संसदीय व्यवस्थाका विरुद्ध दशवर्षे लामो सशस्त्र जनयुद्धको नेतृत्व गरेका थिए । तथ्यांक अनुसार १७ हजार ८ सय ८६ जनाले यस युद्धमा ज्यान गुमाउन पुगे । हजारौं योद्धाहरु अझै बेपत्ता अवस्थामा छन्, हजारौं घाइते योद्धाहरु अहिले पनि शरीरभरि बमका छर्रा र गोली बोकेर उपचारका निम्ति छट्पटाइरहेका छन्, हजारौं सहिद परिवारहरुको स्थिति अत्यन्तै दयनीय अवस्थामा छ । लाखौं नेता कार्यकर्ताहरु डिप्रेसनका रोगी भएका छन् । अर्बौंको भौतिक सम्पत्ति यस युद्धमा क्षति हुन पुग्यो । यति ठूलो मूल्य के का लागि चुकाइयो ? यही संसदीय व्यवस्थाका लागि ? प्रश्न गम्भीर रुपले खडा भएको छ ।

प्रतिक्रान्तिसँगै वर्ग, विचार र मुद्दामा फरक देखिन थालेपछि माओवादी आन्दोलनमा विभाजन आयो । विभाजनपछि माओवादी आन्दोलनको ‘ ओरिजिनल विचार’माथि माओवादी वृतबाटै आक्रमण हुन थाल्यो । पछिल्लो घटनाक्रमसम्म आइपुग्दा माओवादी जनयुद्धका मुद्दाहरु बोकेर हिडेको, नयाँ जनवादी क्रान्तिलाई कार्यदिशा बनाएर अघि बढिरहेको मोहन वैद्य‘किरण’ नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)माथि चौतर्फी घेराबन्दी गरियो- संसदीयकरण र दलालीकरणका लागि । तर भीषण दुईलाइन संघर्षका बीचबाट पार्टी र क्रान्तिकारी आन्दोलनको धारलाई बचाउन सफल भए र दक्षिणपन्थी नवसंशोधनवादी र अवसरवादीहरु पराजित हुन पुगे ।

तमाम तथ्यहरु बोल्छन् र प्रायःले स्वीकार्छन्, अहिलेको नेपाली कम्युनिष्ट आन्दोलन र सिंगो माओवादी आन्दोलनको वैचारिक केन्द्र भनेको ‘क्रान्तिकारी माओवादी’ नै हो । प्रचण्ड नेतृत्वको माओवादी केन्द्र र विप्लव नेतृत्वको माओवादीभित्र पनि अधिकांशमा यो तथ्य स्वीकार्य देखिन्छ । तर व्यक्तिका निहीत स्वार्थका कारण उनीहरु संशोधनवाद र अवसरवादको पुच्छर बनिरहेका छन् । शान्तिसम्झौताको यो दशकमा निराशाका बीच यो एउटा आशाको पुञ्ज बन्न सफल भएको छ ।

नयाँ भनेर पुरानै बाटो हिडेका माओवादीहरुले मात्र होइन, क्रान्तिको र सर्वहारावर्गको भविष्यप्रति चिन्तनशील र आशावादी सबैले गहन रुपमा अध्ययन/अनुसन्धान गर्नैपर्दछ- दशवर्षे जनयुद्धको, दशवर्षे शान्तिप्रक्रियाको, नेपाली र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको, अभूतरुपमा विकास भएको सूचनाप्रविधिको, साम्राज्यवादले विकास गरेका पछिल्ला विशेषताहरुको, त्यसले नेपाल समाजमा पारेको प्रभाव र बदलिदो उत्पादन सम्बन्ध र उत्पादक शक्तिको । र, पुनैपर्दछ- एउटा नयाँ निष्कर्षमा, नयाँ संश्लेषणमा । यसको जगमा मात्र उठान सकिन्छ- क्रान्तिको रातो झण्डा । आउनुहोस्, संकल्प गरौं- नयाँ जनवादी क्रान्तिको, जनताको मुक्ति र स्वतन्त्रताको !


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com


# आत्मनिर्णयको अधिकार र नेपालको सन्दर्भ



के. बी. गुरुङ

*नेपालमा आत्मनिर्णयको सवाल उठ्नु र उठाउनुपर्ने आवश्यकता पनि यहाँका विशेषतः आदिवासी जनजाति तथा मधेसी समुदाय र उपेक्षित क्षेत्रहरुमा कथित उच्च जात र विशेष क्षेत्रले राजकीय सत्ताको माध्यामबाट उनीहरु माथि उत्पीडन र विभेद थोपरदै आएको हुनाले उत्पीडित आदिवासी जनजाति, मधेसी समुदाय र उपेक्षित क्षेत्रमाथिको उत्पीडन र विभेदको अन्त गर्न वा उनीहरुको मुक्तिको लागि नै आत्मनिर्णय अधिकारको सवाल उठेको र आवश्यक भएको हो ।*

**प्रारम्भ :**

नेपालमा राजतन्त्रको विरुद्धमा लामो समय देखि संघर्ष र आन्दोलनहरु हुँदै आएको थियो । ०४६ सालको जन आन्दोलनले तानाशाही पञ्चायती ब्यवस्थाको अन्त्यगरी निरंकुश राजतन्त्रलाई संवैधानिक बनायो । पछिल्लो चरणमा विशेषतः दस वर्षको जनयुद्ध र २०६२/६३ को जनआन्दोलनले भने राजतन्त्रको अन्त्यसँगै एकात्मक राज्य संरचना र केन्द्रीकृत शासन प्रणालीको समेत औचित्य समाप्त गरिदियो । र, संघीय लोकतान्त्रिक गणतन्त्र धर्म निरपेक्ष राज्यको घोषणासँगै नयाँ संविधान निर्माण र राज्यको पुनर्संरचना गर्ने विषय राष्ट्रिय राजनीतिको केन्द्रीय प्रश्न बन्न पुग्यो । त्यसै शिलशिलामा पहिलो संविधानसभाको गठन र अवसानपश्चात् कथित दोस्रो संविधानसभा गठनको नौटंकी र त्यसले बनाएको जनविरोधी संविधान जो कार्यान्वयन हुन सकिरहेको छैन ।

नेपालमा एकात्मक राज्य संरचना र केन्द्रीकृत शासन प्रणाली राजतन्त्रसँग जोडिएर आएको हो । त्यसैले राजतन्त्र विरुद्धको आन्दोलनसँगै एकात्मक राज्य संरचना र केन्द्रीकृत शासन प्रणालीका विरुद्ध पनि आन्दोलन हुदै आएको र विकल्पमा संघीय राज्य संरचना अगाडि सारिएको हो । त्यसकारण राजतन्त्रको अन्त्यसँगै एकात्मक राज्य संरचना र केन्द्रीकृत शासन प्रणालीको पनि औचित्य समाप्त भएर राज्यको पुनर्संरचना गर्ने आवश्यकताका सन्दर्भमा संघीय राज्य संरचनाको विषय राष्ट्रिय राजनीतिको केन्द्रीय प्रश्न बनेको हो । तर संघीयता कस्तो र त्यसको आधार के हुने ? संघीय ईकाई (प्रदेश) र स्थानीय तह कति र कस्तो हुने ? संघीय शासन प्रणाली कस्तो हुने ? संघीय राज्य संरचना र शासन प्रणालीले उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गको पहिचान, प्रतिनिधित्व र पहुँचलाई कसरी सम्बोधन र समायोजन गर्ने ? यी र यस्ता आधारभूत र अहं प्रश्नहरुको समाधान अझै भैसकेको छैन । र, कथित दोस्रो संविधानसभाबाट जारी गरिएको पश्चगामी र जनविरोधी संविधान र त्यसलाई कार्यान्वयन गर्न तम्सिएका दलाल तथा नोकरशाह पुँजीपति र सामन्त वर्गका प्रतिनिधिहरुले समाधान गर्न संभव पनि छैन ।

मुख्य प्रश्न राज्य संरचना र शासन प्रणालीले उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गको वास्तविक पहिचानगरी राज्यका सबै तह र अंगहरुमा समानुपातिक, समावेसी प्रतिनिधित्व र स्रोत साधनहरुमा समान र सहज पहुँचलाई प्रत्याभूत गर्नु हो र हुनु पर्दछ । नेपालको सन्दर्भमा आत्मनिर्णय अधिकारको सैद्धान्तिक स्वीकृत र स्वायत्ततामा आधारित पहिचानसहितको संघीय संरचना वेगर उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गको वास्तविक पहिचान, राज्यका सबै तह र अंगहरुमा समानुपातिक, समावेसी प्रतिनिधित्व र स्रोत साधनहरुमा समान र सहज पहुँचको प्रत्याभूत हुन सक्दैन । त्यसैले यो लेखमा आत्मनिर्णयको अधिकारलाई खास गेरर देश विखण्डन र साम्प्रदायिकतासंग जोडेर उछाल्ने गरिएको विषय र आत्मनिर्णय अधिकारको सवाल नै हो के ? त्यसको नेपालको सन्दर्भमा प्रयोगको अर्थ र महत्वका विषयमा संक्षिप्तमा विवेचना गर्ने जमर्को गरिएको छ ।

**के हो आत्मनिर्णको अधिकार ?**

१. संयुक्त राष्ट्रले यो अधिकारलाई सबै नागरिकले आफ्नो बारेमा आफै निर्णय गर्न पाउने अधिकारको रुपमा परिभाषित गरेको छ । आदिवासी जनजातिहरुको सन्दर्भमा आदिवासी जनजाति अधिकार संबन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्रको धारा–३ मा प्रष्ट भनिएको छ, ‘आदिवासी जनजातिसँग आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारका कारण उनीहरू आफ्नो राजनीतिक स्थितिबारे स्वतन्त्ररूपमा निर्णय गर्दछन र आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासको खोजी गर्दछन् ।’ अमेरिकी पूर्व राष्ट्रपति वूड्रो विल्सनले यो अधिकारले औपनिवेशबाट राज्यको अलग हुन पाउने अधिकार बताएका थिए । लेनिनले आत्मनिर्णय अधिकारको सार निकाल्दै लेख्नु हुन्छ- ‘ यो माग राष्ट्रको विभाजन, विखण्डन एवम् सानासाना राज्यहरूको स्थापनाको मागको समतुल्य होइन ।’ ‘यो सबै प्रकारका जातीय उत्पीडनहरुको विरुद्ध संघर्षको एक सुसङ्गत अभिव्यक्ति मात्र हो ।’ त्यसकारण आत्मनिर्णयको अधिकारलाई राज्यको विखण्डन र विभाजनको रूपमा बुझ्ने र त्यसको अनर्गल प्रचार गर्नु आत्मनिर्णय अधिकारको अर्थ र मर्मको तोडमोड र गलत निष्कर्ष हो । लेनिनले आत्मनिर्णयको अधिकारलाई देशको विखण्डनको हल्ला गर्नेहरू प्रति लक्षित गर्दै लेख्नु भएको छः- ‘आत्मनिर्णय अधिकारको, अर्थात् अलग हुन पाउने स्वतन्त्रताको समर्थकहरू माथि पृथकतावादलाई प्रोत्साहन गर्ने आरोप लगाउनु त्यत्तिकै मूर्खतापूर्ण र पाखण्डीपूर्ण हुन्छ, जति कि पारपाचुकेको स्वतन्त्रताको समर्थकहरू माथि पारिवारिक बन्धनहरूको नष्ट गर्ने प्रोत्साहनको आरोप लगाउनु’ जस्तै हो । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को संयुक्त अधिवेशनबाट पारित राजनैतिक प्रतिवेदनमा भनिएको छः ‘आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतसहित जातीय, क्षेत्रीय स्वायत्तता तथा उत्पीडित जातीय पहिचानसहितको संघीयता’

२. समग्र र सारतत्वमा भन्दा आत्मनिर्णय अधिकारको सवाल दमन उत्पीडनबाट अर्थात उत्पीडकहरूबाट उत्पीडितहरूको मुक्ति हुनु हो । अर्को पक्ष आत्मनिर्णयको प्रश्न सार्वभौम अधिकार हो । त्यस अर्थमा जसरी सार्वभौम अधिकार कसैले दिने होइन । त्यसैगरी आत्मनिर्णयको अधिकार पनि कसैले दिने चिज होइन । यो त जनतासँग स्वत हुने अधिकार हो । तर, विभिन्न समय र सन्दर्भमा शासक तथा उत्पीडकहरूले जनता तथा उत्पीडित जातिहरूको सार्वभौमिकता जबरन खोसेका वा अपहरण गरेका हुनाले उत्पीडित जाति वा जनताले शासक वा उत्पीडकहरूकबाट सार्वभौम सत्ता र राजकीय सत्ता पुनःस्थापित गर्नु पर्ने हुन्छ । नेपालमा लामो समयदेखि वर्गीय, जातीय तथा क्षेत्रीय उत्पीडन र विभेद हुँदै आएको र विद्यमान रहेकोमा कसैले अस्वीकार गर्न सक्दैन । जब यहाँ वर्गीय, जातीय तथा क्षेत्रीय उत्पीडन र विभेद छ भने त्यसलाई हटाउनु वा उत्पीडनबाट मुक्ति हुनुपर्ने मान्यता अर्थात आत्मनिर्णयको अधिकारलाई आत्मसाथ गर्ने सवाललाई अस्वीकार र तोडमोड गर्नु वा विखण्डनको हल्ला गर्नुको अर्थ के हुन सक्छ ? त्यसको सरल र प्रष्ट जवाफ छ, वर्गीय, जातीय तथा क्षेत्रीय उत्पीडन र विभेद कायम राख्नु हो ।

नेपालको सन्दर्भमा आत्मनिर्णय अधिकारको पक्षमा उभिएका जनता विशेषत आदिवासी जनजाति तथा मधेसी समुदाय हुन् । दुनियाँमा आदिवासी जातिहरुले राष्ट्को विखण्डन गरेको कुनै उदाहरण छैन । किन कि उनीहरू त्यो राष्ट्र तथा भूमिको प्रथम बासी हुन् । त्यसकारण आफ्नै भूमिको विखण्डनको कुरा उनीहरूको कल्पना र आवश्यकता वाहिरको कुरा हो । त्यो नेपालको सन्दर्भमा पनि सत्य हो । नेपालमा आत्मर्णियको अधिकारलाई विखण्डन संग जोडेर हेर्ने, बुझ्ने र ब्याख्या गर्नुका पछाडी कैयन निहित कारणहरू छन् । त्यसको वेग्लै चर्चा र ब्याख्याको आवश्यकता पर्दछ ।

३. आत्मनिर्णय अधिकारको सवाल सार्वभौम अधिकार भएको कुरामाथि नै उल्लेख गरिएको छ । कुनै राष्ट्र अथवा जनताको सार्वभौम अधिकार कसैले जवरन वा अन्य कुनै प्रकारले हनन वा अपहरण नगर्दासम्म त्यो राष्ट्र वा जनताले सार्वभौमसत्ताको सवाल उठाउँदैनन् र उठाउनुपर्ने आवश्यकता नै हुँदैन । त्यस्तै आत्मनिर्णको सवाल पनि त्यहाँ र त्यो राष्ट्र वा उत्पीडित जाति र क्षेत्रले उठाउनु आवश्यक हुन्छ, जो अरू राष्ट्र वा जाति र क्षेत्रबाट उत्पीडित र विभेदको शिकार बनेको हुन्छ । जुन राष्ट्र वा जाति र क्षेत्रले उत्पीडन र विभेद भोगु परेको छैन, उसले आत्मनिर्णय अधिकारको सवाल उठाउनु आवश्यक नै हुँदैन । रूसमा नै आत्मनिर्णको सवाल बढी किन उठ्यो र उठाउनु आवश्यक पऱ्यो ? किनकि रूसी जातिले जारशाही शासन अन्तरगत अन्य कैयन जातिहरूमाथि जवरन उत्पीडन र विभेद लादेको थियो । उनीहरूको सार्वभौम सत्ता र राजकीय सत्ता अपहरण गरेको थियो । जब जारशाहीको शासन व्यवस्थालाई अक्टोबर क्रान्तिले अपदस्तगरी रुसी जातिको अन्य जाति माथिको उत्पीडन र विभेदलाई पनि अन्त्य गऱ्यो । तब रुसी जातिबाट अन्य उत्पीडित जाति सार्वभौम बने ।

४. नेपालमा आत्मनिर्णयको सवाल उठ्नु र उठाउनुपर्ने आवश्यकता पनि यहाँका विशेषतः आदिवासी जनजाति तथा मधेसी समुदाय र उपेक्षित क्षेत्रहरूमा कथित उच्च जात र विशेष क्षेत्रले राजकीय सत्ताको माध्यामबाट उनीहरू माथि उत्पीडन र विभेद थोपरदै आएको हुनाले उत्पीडित आदिवासी जनजाति, मधेसी समुदाय र उपेक्षित क्षेत्रमाथिको उत्पीडन र विभेदको अन्त गर्न वा उनीहरूको मुक्तिको लागि नै आत्मनिर्णय अधिकारको सवाल उठेको र आवश्यक भएको हो । नेपालको सन्दर्भमा उत्पीडित आदिवासी जनजाति र मधेसी समुदाय र उपेक्षित क्षेत्रको मुक्ति र समानताको लागि जातीय र क्षेत्रीय पहिचान र स्वशासन स्थापनाको अधिकारलाई लागू गर्नु हो । त्यसलै नेपालमा आत्मनिर्णय अधिकारको प्रयोग र अर्थको सारतत्व जातीय क्षेत्रीय पहिचान र स्वशानको आधारमा संघीय जनगणतन्त्रात्मक राज्य संरचना र शासन प्रणालीको निमार्ण गरी उत्पीडत जाति र क्षेत्रहरूलाई आत्मनिर्णय अधिकारको सैद्धान्तिक स्वीकृतिसहित स्वयत्तता र पहिचानसहित संघीयताको प्रत्याभूत गर्नु हो । राजकीय सत्तामा पहिचानसहित समानुपातिक प्रतिनिधित्व र स्रोत साधनमा सहज पहुँचको सुनिश्चत गर्नु हो र हुनु पर्दछ ।

२०७३ मंसिर ५ गते ।

## देजमो देशभर ...

संयोजकत्वमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल बझाङको १५ सदस्सीय जिल्ला समिति गठन गरिएको छ । समितिको सचिवमा रविन्द्र मल्ल, सदस्यहरुमा शंकर बोहरा, धर्मानन्द नाथ, भरतबहादुर धामी, मानबहादुर बोहरा, जनकराज भट्टलगायत रहेका छन् ।

**कास्की संयोजकमा भीम श्रीसमगर**

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको कास्की जिल्ला समिति गठन भएको छ । नवगठित समितिको संयोजकमा भीम श्रीस मगर चयन भएका छन् । यसैगरी सदस्यहरुमा सन्तबहादुर भुजेल, पर्शुराम, दुर्गादत अधिकारी, तिलक प्रसाद बराल, काजिबाबु श्रेष्ठ, कर्णबहादुर पुन, कल्पना थापा, देवी थापा चयन भएका छन् ।

यसैगरी उर्मिला श्रीस, विष्णु राना, सत्यन्त्र, बलबहादुर छन्त्याल, विष्णु सुनार, रामबहादुर पुन, श्रीधन राई लक्ष्मी आचार्य नीलप्रसाद श्रेष्ठ, राम प्रसाद पाण्डे र टेकबहादुर गुरुङलगायत २१ सदस्य रहेका छन्

**धनुषा संयोजकमा नन्दकुमार झा**

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल धनुषा जिल्ला समिति गठन गरिएको छ । मोर्चाका केन्द्रीय सचिवालय सदस्य तथा मिथिला राज्य समन्वय समितिका संयोजक रोशन जनकपुरीको प्रमुख आतिथ्यमा सम्पन्न भेलाले नन्दकुमार झाको संयोजकत्वमा ११ सदस्यीय धनुषा जिल्ला भेला आयोजक समिति गठन गरिएको छ । समितिका सदस्यहरुमा विश्वेश्वर यादव, तिरपित महरा, नागेश्वर चौधरी, गोविन्द मुखिया, झमक बहादुर, भिमकुमारी परियार, जाहिदा खातुन, दुखहरण साहलगायत रहेका छन् । मंसिर १० गते नेकपा (क्रान्तिकारी माओवादी) ले जनकपुरको जनक चोकमा आयोजना गर्ने विरोध प्रदर्शनमा मोर्चाको तर्फबाट सक्रिय सहभागिता जनाउनुका साथै प्रभावकारी बनाउन व्यापक रुपमा लाग्ने निर्णय समेत गरेको छ । सो भेलामा नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सल्लाहकार शितल कर्ण, जिल्ला पार्टी सचिव खेमराज यादवको पनि सहभागिता रहेको थियो ।

**डडेलधुरा संयोजकमा चक्र पार्की**

यसैबीच देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको डडेलधुरामा चक्र पार्कीको संयोजकत्वमा १३ सदस्यीय जिल्ला समिति गठन भएको छ । समितिको सचिवमा डीएस भण्डारी, सदस्यहरुमा नरबहादुर लोहार, कल्याण लोहार, रामबहादुर ऐर, पार्वती टमटा, वीरबहादुर बोहरालगायत रहेका छन् ।

**डोटी संयोजकमा कृष्ण श्रेष्ठ**

यस्तै डोटीमा कृष्ण श्रेष्ठको संयोजकत्वमा ११ सदस्यीय जिल्ला समिति गठन भएको छ । समितिको सचिवमा दिलीप नेपाली र सदस्यहरुमा सुरज श्रेष्ठ, अनिल श्रेष्ठ, मदन श्रेष्ठ, जनक खड्का, योगेन्द्र बोगटी, लक्ष्मण भट्ट, सरला केसी, पवित्रा श्रेष्ठ, संजिव श्रेष्ठ रहेका छन् । मोर्चाले पश्चिम नेपालका बाजुरा, अछाम, दार्चुलालगायत देशैभर आफ्नो संगठन निर्माणको कार्य तीव्र रुपमा अघि बढिरहेको मोर्चाका केन्द्रीय कार्यालय सचिव हरिकृष्ण गजुरेलले जानकारी दिए । उनका अनुसार मोर्चामा देशभरउत्साहजनक सहभागिता बढिरहेको छ ।



# क्रान्तिका लागि क्रान्तिकारीहरूलाई एकताबद्ध गराउन जरूरी छ

**मोहन वैद्य 'किरण'**
अध्यक्ष, नेकपा (क्रान्तिकारी माओवादी)

*आज मधेसी, आदिवासी जनजाति वा थारु समुदायका मागलाई लिएर संविधान संशोधनको कुरा गरिएको छ । संविधान संशोधन गरेर कुनै नेताहरूलाई सरकारमा पुऱ्याउने उद्देश्य त पूरा होला, परन्तु उत्पीडित जनसमुदाय र वर्गका माग पूरा कदापि हुन सक्तैनन् । यस अर्थमा पश्चगामी वर्गको हित गर्ने संविधान संशोधन होइन, त्यसलाई खारेज गरी सङ्घीय जनगणतान्त्रिक संविधान बनाउन आवश्यक छ ।*

***हालै सम्पन्न नेकपा (क्रान्तिकारी माओवादी) को सचिवालय बैठकका निर्णयहरू सार्वजनिक भएका छन् । 'एक चीन नीति' प्रति प्रतिबद्धता दोहोऱ्याउनुपर्ने आवश्यकता किन पऱ्यो ?***

देशको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको मान्यताविपरीत बाहिर विभिन्न खाले कुरा आइरहेको स्थितिमा हामीले 'एक चीन नीति' प्रति प्रतिबद्धता दोहोऱ्याउनु परेको हो । आज नेपालको राष्ट्रिय स्वाधीनताका विरूद्ध अनेकौं गतिविधि भइरहेका छन् र नेपालका मित्र देशहरूलाई भड्काएर नेपाललाई एक्लो पार्ने षड्यन्त्र पनि चलिरहेका छन् । हामीले यिनै कुरामाथि ध्यान दिएका छौं ।

***२५ बुँदे राष्ट्रघाती संयुक्त वक्तव्यदेखि भारतीय राष्ट्रपतिको नेपाल भ्रमण, देउवाको दलाई लामाको प्रधानमन्त्रीसँगको भेटलगायतका गतिविधिले नेपाललाई 'एक चीन नीति'मा परिवर्तनका लागि भारतीय शासक वर्गले दबाब दिन थालेको जस्तो देखियो नि ?***

यसो हुन सक्छ । यसप्रति सतर्क रहन जरूरी छ ।

***नेपालमा इण्डो–अमेरिकन दलालहरूले चीनविरोधी गतिविधि बढाउँदै गर्दा अहस्तक्षेपकारी नीति लिएको चीनको सक्रियताले नेपालको सार्वभौमिकतामाथि कस्तो असर पुग्ने देख्नुहुन्छ ?***

विषयलाई हेर्दै जाऔं, कहीं कतै अन्यथा नसोचौं । हामी आफ्नो देशमाथि जो कसैको पनि हस्तक्षेप चाहन्नौं । हाम्रा लागि आफ्नो देशको राष्ट्रिय स्वाधीनता निकै प्यारो छ र हामीले अरू देशको पनि राष्ट्रिय स्वाधीनताको सम्मान गर्न चाहन्छौं ।

***साम्राज्यवादी मुलुक अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्पको उदयले विश्वको राजनीति र क्षेत्रीय राजनीतिमा के कस्तो प्रभाव पार्ने देख्नुहुन्छ ?***

सामान्यतः हामीले के कुरा बुझ्नुपर्दछ भने साम्राज्यवादको उत्कर्षमा पुगेको अमेरिकामा त्यसै व्यवस्थाअन्तर्गत जो सुकै राष्ट्रपति बने पनि उसले लिने विदेशी नीतिमा कुनै तात्विक वा गुणात्मक फरक देखिन सक्तैन । परन्तु, सम्बन्धित पार्टीका आङ्शिक अन्तर र व्यक्ति विशेषमा पाइने केही स्वभावगत भिन्नताका कारण मात्रात्मक रूपमा केही फरक देखिन पनि सक्तछ । डोनाल्ड ट्रम्पका स्वभाव, बोली र व्यवहारमा अनुदारवाद प्रष्टै झल्किएको पाइन्छ । तर यहाँ मुख्य प्रश्न उदारवाद, अनुदारवाद वा स्वभाव होइन, प्रतिक्रियावादी वर्गस्वार्थ र साम्राज्यवादी हैकमको हो । आज अमेरिकाले नेतृत्व गरेका नवउदारवादको कलेवरमा अभिव्यक्त साम्राज्यवाद गम्भीर आर्थिक सङ्कटको भुमरीमा फँस्तै जान थालेको छ र त्यसबाट कसरी पार पाउने भन्ने प्रश्न नै अहिले निर्वाचित राष्ट्रपतिको पनि मुख्य चासो हो । ट्रम्प आफ्नो उत्पीडन तथा दमनको घोषित उद्देश्यप्रति बेहिचक लाग्ने छन्, तर उनलाई त्यो सङ्कटले बढार्ने हो कि होइन भन्ने प्रश्नको जबाफ भविष्यले नै दिनेछ ।

***ट्रम्पको आप्रवासी नीतिले पचास हजार नेपालीहरू अमेरिकाबाट विस्तापित हुने अनुमान गरिएको छ, त्यसले नेपालको राजनीति र अर्थतन्त्रमा के कस्तो असर पुऱ्याउन सक्ला ?***

ट्रम्पको आप्रवासी नीति केही कडा र अनुदारवादी नै देखिन्छ, तर यसबारे अहिल्यै केही भन्न सकिन्न । उनका कार्यलाई नहेरी बढी कुरा नगरौं ।

***नेपाली श्रमलाई विदेशी पुँजीवादी बजारमा बेचेर रेमिट्यान्सबाट अर्थतन्त्र धान्ने र चलाउने अर्थनीतिमा परिवर्तन गर्नुपर्ने आवश्यकता देख्नुहुन्छ ?***

नेपालको रेमिट्यान्समुखी अर्थनीतिमा परिवर्तन गर्न जरूरी छ । किनभने नेपालभित्र रोजगारीको अभावमा युवा जनशक्तिको ठूलो संख्या विदेशमा श्रम बेच्न बाध्य छ । यस अर्थनीतिमा परिवर्तन गर्नका लागि स्वदेशमै रोजगारको व्यवस्था मिलाउनु अनिवार्य रूपमा आवश्यक हुन्छ । तर, त्यो काम दलाल, नोकरशाही पुँजीपति तथा सामन्त वर्गीय राज्यसत्ता र त्यसको संरक्षण गर्ने राजनीतिक शक्ति सरकारमा रहुञ्जेल गाह्रो छ । यस निम्ति स्वतन्त्र र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने सङ्कल्प र साहस भएको सच्चा देशभक्त, जनवादी र वामपन्थी राजनीतिक पार्टी सत्तामा आउनुपर्दछ ।

***नेपाललाई राजनीतिक रूपले स्वाधीन र आर्थिक रूपले आत्मनिर्भर बनाउन के के गर्न जरूरी छ ?***

यस प्रश्नको अति सङ्क्षिप्त उत्तर हो फेरि पनि नयाँ जनवादी क्रान्तिको तयारी । वस्तुतः यस क्रान्तिको निम्ति नेपाली जनताले धेरै रगत बगाए । अनेकौं जनआन्दोलन भए । दश वर्षसम्म महान् जनयुद्धको प्रक्रिया अगाडि बढ्यो । शान्तिप्रक्रिया, संविधानसभा र संसद्वादी संविधान बनाउनेसम्मका गतिविधि अगाडि बढे । परन्तु, राज्यसत्ता दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्गकै हातमा रह्यो । राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न झन् झन् गम्भीर बन्दै गयो । जनजीविकाका सवालहरू विकराल बन्दै गए । अब यी सबै कुराको आवश्यक समीक्षा गरी आफैमा रहेका कमी, कमजोरीका विरूद्ध समेत पनि निर्मम सङ्घर्ष गरी क्रान्तिको तयारीमा जुट्न आवश्यक छ ।

क्रान्तिको तयारीको प्रक्रियामा जनतन्त्र, राष्ट्रियता र जनजीविकाका सवालहरूलाई सशक्त रूपमा उठाउन, आर्थिक आत्मनिर्भरताको निम्ति बाधक बनेको साम्राज्यवादी तथा विस्तारवादी प्रभुत्व एवम् हस्तक्षेपका विरूद्ध निरन्तर सङ्घर्ष चलाउन, नवउदारवादी अर्थतन्त्रको विरोध तथा भण्डाफोर गर्न र जनताका तात्कालिक हक, हित तथा अधिकारका लागि समेत जनआन्दोलन गर्न जरूरी छ । हाम्रो गन्तव्य नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादको दिशा पकड्नु हो ।

***२५ बुँदे संयुक्त राष्ट्रघाती वक्तव्यलाई खारेजी गर्न र निष्प्रभावी बनाउन कसरी सकिएला ?***

यसप्रकारको राष्ट्रघाती वक्तव्यको विरोध तथा भण्डाफोर गर्दै जाने र जनतालाई सचेत तुल्याउने कामलाई अघि बढाएर सङ्घर्षका बिचबाट नै यसलाई खारेज गर्न र निष्प्रभावी बनाउन सकिन्छ ।

***मंसिर १० मा देशव्यापी विरोध प्रदर्शन गर्ने सचिवालय बैठकको निर्णयबारे संक्षिप्तमा चर्चा गरिदिनुस् न । संयुक्त आन्दोलनको उठानको सम्भावना र तयारी चाहिं कस्तो छ ?***

पार्टीको केन्द्रीय सचिवालयको निर्णय अनुसार राखिएको मङ्सिर १० गतेको विरोधप्रदर्शन कार्यक्रम राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूसित सम्बन्धित छ । हामीले यी मुद्दाहरूलाई निरन्तर उठाइरहन्छौं । अहिले २५ बुँदे संयुक्त वक्तव्य, संविधान संशोधनलगायतका विषय जुन चर्चामा छन्, ती यी मुद्दासित पनि जोडिएका छन् । आज मधेसी, आदिवासी जनजाति वा थारू समुदायका मागलाई लिएर संविधान संशोधनको कुरा गरिएको छ । संविधान संशोधन गरेर कुनै नेताहरूलाई सरकारमा पुऱ्याउने उद्देश्य त पूरा होला, परन्तु उत्पीडित जनसमुदाय र वर्गका माग पूरा कदापि हुन सक्तैनन् । यस अर्थमा पश्चगामी वर्गको हित गर्ने संविधान संशोधन होइन, त्यसलाई खारेज गरी सङ्घीय जनगणतान्त्रिक संविधान बनाउन आवश्यक छ । महङ्गी, भ्रष्टाचार, भूकम्पपीडितहरूको पुनर्वास लगायत जनजीविकाका समस्या पनि विकराल नै छन् । यी सबै विषयलाई लिएर खबरदारी गर्नका लागि सो कार्यक्रम राखिएको हो ।

***अहिले संविधान संशोधनको चर्चासँगै अंगीकृत नागरिक संवैधानिक प्रमुख हुन पाउने, तराई/मधेशमा बढ्दो ' नवनागरिक'को बर्चस्व, हिन्दी भाषालाई राष्ट्रिय भाषाको मान्यता दिनुपर्ने, हिन्दु राज्यको मागलगायतले संसदीय राजनीतिक बजार तताइरहेका छन् । यी विषयमा क्रान्तिकारी माओवादीको धारणा प्रष्ट पारिदिनुहुन्थ्यो कि ?***

आधिकारिक रूपमा संविधान संशोधनको प्रस्ताव आएको छैन । त्यसैले हल्लाको भरमा धारणा व्यक्त गर्न त ठीक हुँदैन । तर पनि सामान्य रूपमा के भन्न सकिन्छ भने यसरी बजारमा आइरहेका विषय नितान्त गलत हुन् ।

***आवश्यक ठानिए संसदीय चुनावको उपयोग पनि गर्न सकिने क्रान्तिकारी माओवादीले बताउँदै आएको छ । स्थानीय निकायको पुनःसंरचना र मधेसी मोर्चासँगको सिमांकन विवादलाई चाहिं क्रान्तिकारी माओवादीले कसरी हेरेको छ ?***

चुनावसम्बन्धी विषय कार्यनीतिको विषय हो । सिद्धान्ततः संसदीय चुनावको उपयोग वा बहिष्कार जे पनि गर्न सकिन्छ । तर त्यो कुरा परिस्थितिमा भरपर्छ । अहिले बिनापरिस्थिति चुनावसम्बन्धी ठोस नीतिको कुरा गर्नु गलत हुन्छ । जहाँसम्म स्थानीय निकायको पुनः संरचना र सीमाङ्कनसित सम्बन्धित कुरा हुन्, संविधानसित नै असहमत भएको स्थितिमा मूलतः तिनले हाम्रा लागि विशेष महत्व राख्तैनन् । तर पनि सामान्यतः के भन्न सकिन्छ भने यसप्रकारका संरचना वा सीमाङ्कन जनताको चित्त बुझाएर गर्ने कुरा हुन् । माथिबाट थोपरेर र जनताका बिचमा विवाद खडा गराएर होइन ।

***फेरि सचिवालय बैठककै निर्णयमा केन्द्रित होऔं । बैठकले छरिएर रहेका कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकताबद्ध तुल्याउन पहल गर्ने निर्णय गरेको छ । यसको आवश्यता, सम्भावना र पहलबारे संक्षिप्तमा चर्चा गरिदिनुस् न ।***

क्रान्तिका लागि क्रान्तिकारीहरूलाई एकताबद्ध गराउन जरूरी छ । त्यसैले सचिवालयको बैठकमा क्रान्तिकारी पार्टी निर्माण, ध्रुवीकरण र क्रान्तिकारीहरूलाई एकताबद्ध तुल्याउने आवश्यकतामाथि ध्यान दिइएको हो । तर त्यसका लागि सिद्धान्त, राजनीति र कार्यदिशाका प्रश्नमा समान सोंच हुनुपर्दछ अन्यथा होइन ।

***पार्टीले फाल्गुनमा राष्ट्रिय सम्मेलनको टाइमलाइन तोकेको छ । त्यसको तयारी चाहिं कसरी गरिरहेको छ ?***

त्यो प्रक्रिया अगाडि बढिरहेको छ, अब छिटै केन्द्रीय समितिको बैठक बसेर आवश्यक निर्णय लिइन्छ ।

***अन्तमा, शान्ति सम्झौताको दशवर्ष पूरा भएको छ । यसको सफलता असफलताबारे के भन्नुहुन्छ ?***

शान्ति सम्झौताको नाममा क्रान्तिलाई गम्भीर धोका दिइयो । जनताले त्यसलाई उल्ट्याउनेछन् । राष्ट्रियता, जनतन्त्र र जनजीविका कुनै पनि मुद्दाहरु हल भएका छैनन् । बरु अझ विकराल बनेर गएका छन् ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# क्रान्तिसँगै सांस्कृतिक क्रान्तिको अपरिहार्यता

रविकिरण निर्जीव

चीनमा सन् १९४९ मा नयाँ जनवादी क्रान्ति सफल भए पश्चात त्यहाँ किसान र सर्वहारा वर्गको राज्यसत्ता स्थापित भयो । यो राज्यसत्ता स्थापिंत हुन नदिने वैदेशिक साम्राज्यवादी र देशीये सामन्तवादी पाराजित भए। त्यो क्रान्ति पछि चिनियाँ कम्युनिष्ट पार्टी समाजवादी राज्य बनाउनको लागि तदनुकुल निर्माण तथा विकास कार्यमा जुटनथाल्यो ।त्यसले आफ्नो सम्पूर्ण शाक्तिलाई उत्पादन वृद्धि, पूँजीनिर्माण, विज्ञान र प्रविधिको विकास, उद्योग-कारखानाको स्थापना, रेल र सडकमार्गको निर्माण, शिक्षा स्वाथ्य, विद्युत, सञ्चार आदि क्षेत्रहरुको विकास र विस्तार गर्न थाल्यो। त्यसपछि ती 'पराजित' वैरीहरुको निन्द्रा भङ्ग हुनथाल्यो । तिनका हित र स्वार्थहरु कुण्ठित हुनथालेकोले ती समाजवादी अभियानमा व्यवधान खडा गर्न र क्रान्तिलाई उल्टायाउन आन्तरिकरुपले चल्मलाउन थाले । त्यसरी चल्मलाउने वर्ग पार्टीभित्र छद्मरुपमा घुस्न सफल माथिल्लो पदका अवसरवादी नेताहरु समेत थिए। ठिक त्यसै बेला चिनिया कम्युनिष्ट पार्टीको ११ औं विस्तारित अधिवेशनले सन् १९६६ अक्टोबारमा तिनका विरुद्ध महान सांस्कृतिक क्रान्तिको थालनी गर्ने निर्णय लियो । त्यो क्रान्ति चिनिया समाजका शोषित र उत्पीडित वर्गको पक्षको तथा शोषक वर्ग र त्यस वर्गको मालिकको विपक्षको आँधीवेहरी थियो ।

त्यो क्रान्ति पूँजीवादी, सामन्तवादी, दक्षिणपथी, संशोधनवादी, साम्राज्यवादी प्रतिकृयावादी, प्रतिक्रान्तिकारी, जनदुश्मन ल्यू शाओची, तेङसाओपिङ र उसका तमाम पिछलागु आदिलाई निस्तेज तथा पराजित गर्न मात्र उन्मुख थिएन, यो त पुराना विचार, संस्कार, रीतिरिवाज मान्ने निम्न पूँजीवादी, मध्यपन्थी, ढुलमुल, अवसारवादी यावत मानिसका असङ्गत विचार र दुष्टिकोणहरुलाई निराकारण वा न्यूनीकारण वा परिमार्जन गर्न समेत उन्मुख थियो । अर्को शब्दमा ती अमित्रहरुलाई जनता र क्रान्तिको विरुद्ध दुर्ष्कर्म गर्न नदिन पार्टी, नेता, सेना स्वयम अध्यक्ष माओ निर्ममतापूर्वक लडे र चिनिया क्रान्तिको किशोर जनवादलाई बचाए । पार्टीको सन १९६९ को नवौं महाधिवेशनले लिन पिआयोलाई माओको उत्तराधिकारी बनाउने निर्णयको विरोध गर्दै सांस्कृतिक क्रान्तिको पूरा समर्थन गर्दै त्यस लाई अघि बढाउन निर्णय गऱ्यो । पार्टीको उच्च पदस्त नेता तङ साओ पिङमा पार्टी नीतिप्रति शत्रुतापूर्ण प्रवृत्ति देखिएको हुँदा उनलाई कार्वाही गरियो । तङ र यी दुवै दक्षिणपन्थी थिए भने लिन प्याओ अवसरवादी र षड्यन्त्रकारी उनले माओलाई हत्या गरी आफू अध्यक्ष पदमा विराजमान हुने षड्यन्त्र गरेको कुरा उनकै छोरीद्वारा पर्दाफास भएर माओको ज्यान बचेको र लिन प्याओ यही हीनताबोधले ग्रस्त भै हराएको कुरा त्यो पङ्क्तिकारले पढेको हो ।

चिनियाँ क्रान्तिका सबैखाले विपक्षीहरुले रक्तपातपूर्ण सांस्कृतिक क्रान्तिले जनताका मौलिक अधिकार, निर्दोष नागारिक, क्रान्तिका शुभचिन्तक-समर्थक, देशका भौतिक संरचना, ऐतिहासिक र सांस्कृतिक सम्पत्तिहरु आदि विनाश गऱ्यो भनेर आरोप लगाएता पनि त्यस क्रान्तिका केही सकारात्मक विशेषताहरु पनि थिए भनेर आत्मसात नगरेका भने होईनन्, जस्तो कि त्यस क्रान्तिले उत्पादन बढाउने, राष्ट्रिय एकता र सुरक्षा सुदृढ गर्ने, विज्ञान-प्रविधिको विस्तार गर्ने, परराष्ट्र सम्वन्ध बढाउने आदि राम्रा कामहरु गरेको थियो भनेर तिनले मानेका थिए । तर तिनले कम्युनहरुको स्थापना, तिनबाट प्राप्त केही श्रेष्ठ उपलब्धिहरु र अन्य महत्वपूर्ण प्राप्तिहरुबारे मुख खोलेका थिएनन् र केही सत्यहरुलाई छोपेर भ्रम सिर्जना समेत गरेका थिए। विपक्षीहरुद्वारा गरिने यो स्वाभाविक कृयाकलाप थियो ।

त्यहाँ स्थापित श्रमिक र शोषितहरुको जनवादको 'मार्ग' र त्यस 'मार्ग'लाई 'समाजवादी मार्ग'मा रुपान्तरण गर्ने चिनिया कम्युनिष्ट पार्टीको अभियानमा पूँजीपन्थीहरु ढलिमली गरेर श्रमिक र शोषित 'पदयात्रीहरु' लाई त्यस मार्ग'बाट गलहत्याउने तिनको दुस्प्रयाशप्रति श्रमिकहरु कसरी सहनशील र क्षमाशील बन्न सक्थे र ! हो, त्यसै क्रममा केही न्यून ज्यादती भएका भए तिनलाई अस्वाभाविक मानिन्न। हिंड्दा जीव र बेर्नाहरु कुल्चिई मर्न सक्छन्, क्रान्ति तथा आन्दोलन र परिवर्तहरुको बाटो हिंड्दा हिंसा र दबाव हुनसक्छन् !

सर्वहारा सांस्कृतिक क्रान्तिको दौरानमा अध्यक्ष माओले क्रान्तिका 'दोस्त र दुश्मन' चिनेरै व्यवहार गरेका थिए। मानिसहरुका विचार र प्रकृत्तिहरु वुझ्रैरै आवश्यकतानुसार उनले भण्डाफोर, विरोध, सुधार आदिका कार्वाहीहरु गराएका थिए। यो क्रान्ति चलाउँदा जनदिशाबारे पार्टी-सदस्य, जनमुक्तिसेना जस्ता आदि तहलाई सचेष्ट गराउँदै निर्देशन दिएका थिए- 'जनताबाट लिएर जनतालाई नै फर्काऊ, शिक्षक वन्नु भन्दा पहिले शिष्य बन।'

चीनका पुँजीपन्थी र अवसरवादीहरुलाई तिनको गुमेको 'स्वर्गीय राज्य' पुनःस्थापना हुन नदिई श्रमिकहरुकै राज्य कायम गर्न यो साँस्कृतिक क्रान्ति गरिएको हो नि वास्तवमा। शोषक र निरङ्कुश शासकहरलाई विस्थापित गर्दा आन्दोलनकारीहरुले तिनका हितहरुलाई कहाँ हेर्छन् र ? निर्मम नभएर कहाँ नरम हुन्छन् र ?

चीनले नयाँ जनवादी क्रान्ति गऱ्यो। नेपालमा भने जनवादी क्रान्ति हुँदा हुँदै नेतृत्वहरुले 'धर्म छोडे' र त्यो तुहियो। माओवादी क्रान्ति गर्दा गर्दै साँस्कृतिक क्रान्ति समेत चलाउँन पर्ने थियो, नचलाएकोले नै दीर्घकालीन जनयुद्ध तुहियो। अब नेकपा क्रा.मा. र त्यो सित सिद्धान्त मिल्ने अरु कम्युनिष्ट पार्टीहरुले क्रान्तिको साथसाथै साँस्कृतिक क्रान्ति चलाउनु जरुरी छ, अन्यथा यिनको पनि अघिल्लो जस्तै अविगत हुने सम्भावना रहन्छ। कम्युनिष्ट आन्दोलनहरुका पाना पल्टाउने हो भने काउत्सकीका विरुद्ध लेनिनले, ट्राटस्कीको विरुद्ध

*एकातिर पार्टी र नेतृत्वमा यस्तो विचलन, विघटन फूट र अविश्वास व्याप्त छ भने अर्कोतिर बुद्धिजीवी र कार्यकर्ताहरुको जीवनशैली र विचार व्यवहार र चिन्तन सर्वहारावादी हुनुपर्नेमा अहं र विलास, सामन्तवादी र पुरातनपन्थी, पुँजीवादी र बुद्धिवादी विचारले ग्रस्त छ।*

स्तालिनले र तेङको विरुद्ध माओले यस्तै सैद्धान्तिक सघर्ष गरेको होइनन् र ? नेपाली 'काउत्सकी, ट्राटस्की र तेङ' को विरुद्ध यहाँ निर्मम सांकृतिक. क्रान्ति हुन नसकेको अनुभूति धेरै माओवादी कम्युनिष्टहरुले गरिरहेका छन्।

तेङ्ले सर्वहारा साँस्कृतिक क्रान्ति र पार्टी नीतिको विरोध गर्दा चीनमा लाखौ जनताको विरोध जुलुस निस्की उनीमाथि कार्वाहीको माग भएको थियो सन् १९७५ तिर । भन्न त त्यस वृहत जुलुसलाई पार्टीको प्रायोजित विरोध भनि लाञ्छना लगाइएको थियो तर व्यसो नभएर त्यो जनताको स्वतस्फूर्त आन्दोलन थियो।

आफू विरुद्ध साँस्कृतिक क्रान्ति तथा नेता-कार्यकताहकरुको सशक्त विरोधको संभावना नदेखेरै मन मोहन अधिकारीले (२०१२) साम्यवादको आधार भूत मान्यताको विपरीत शान्तिपूर्ण सङघर्ष र वैधानिक राजतन्त्रलाई अङ्गिकार गरे। २०१४ मा कार्यदिशा पुष्पलालको नेतृत्व केशरजङ्ग रायमाझीको रह्यो जो वफादार राजवादी थिए। राजतन्त्रको विरुद्ध प्रजातन्त्रसँग एकता गर्ने पुष्पलालको नीति स्वीकृत र रायमाझीको शान्तिपूर्ण सङघर्षको अस्वीकृत भए ? राम्रो त भयो तर उनलाई कम्युनिष्ट आन्दोलनको धोकेवाज भनेर दृढ वैचारिक सङघर्ष हुन सकेन। पुष्पलालको 'जनवादी कार्यक्रम' अल्पमत र तुलसीलालको 'राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम' वहुमतमा हुने विडम्वनाको स्थिति पनि आयो। यसलाई सच्चा कम्युनिषहरुले, नेता र कार्यकर्ताले उल्टाउन सकेनन्। २०२५ मा कोअर्डिनेशन कमिटी (माले) गठन भएर मालेमावाद सशक्त वनाउन सफल (माले) पार्टी आशाको केन्द्र देखिएपनि 'वर्गशत्रु खतम' का अवस्तुगत नीति प्रयोगमा ल्याउँदा त्यसलाई नियन्त्रण गर्ने कोहि भएन। २०२८ मा मोहन विक्रमले छरिएका सवै कम्युनिष्ट शक्तिलाई एकत्रित गरी पार्टीको राजनीतिक कार्य दिशा 'जनवादी क्रान्ति' दिन सकेपनि 'देशमभक्त र जनतान्त्रिक शक्तिको सरकार' जस्तो अस्पष्ट र भ्रमात्मक न्यूनतम कार्यक्रम दिइ, झापाली समूहलाई 'उग्रवामपन्थी' र पुष्पलाललाई 'गद्दार पुष्पलाल' जस्तो मनोगत लाञ्छना लगाएर नकाम गरे। समय क्रममा उनी नैतिक विचलनका शिकार पनि बने। राजनीतिक र नैतिक दुवै विचलन हुँदा पनि उनले कठोर कार्वाही भोग्न परेन। पञ्चायत परस्तताको आरोप लागेका निर्मल लामाले सानो कार्वाही सहन परेपनि 'चौम' खोलेर उनी महामन्त्री बन्न सफल रहे। मोहन विक्रमले 'मशाल' मा फुट ल्याई मसाल बनाएर तर उनको विरुद्ध वैचारिक मसाल बाल्ने काम भएन। धेरै वर्षसम्म नेपाली राजनीतिमा 'मोटो मशाल र पातलो मसाल' हास्य-व्यङ्ग्यको खुराक बनिरह्यो। २०४६ मा आएर मनमोहन गणतन्त्रको बाटोमा नहिडी संवैधानिक राजतन्त्रको बाटोमै हिंडे । सर्वहारा कम्युनिष्ट विचारधाराबाट यसरी नेताहरु पतन हुँदा पनि तिनका विरुद्ध निर्मम वैचारिक विरोध तथा साँस्कृतिक सङघर्ष हुन सकेन। यी दिन सच्चा र सर्वहारा कम्युनिष्ट नेताहरु चीनको वर्गसङघर्ष र अन्तविरोधहरुबाट विज्ञ भएतापनि आ□नो देशका कम्युनिष्ट पार्टीहरुमा संशोधनवादीहरुसँग कठोर सङघर्ष चलाउन अनविज्ञ रहे।

सही कार्यदिशा र गलत कार्यदिशावीच नि्र्, दुवै खालको विजय एवं पराजय, फुट र विभाजन, सर्वहारा चिन्तन र सिद्धान्तदेखि पलाएन आदि उथलपुथल र आरोह-अवरोहको क्रममा मशाल, चौम र सर्वहारा श्रमिक संगठन कम्युनिष्ट पार्टीवीच उल्लेखनीय र ऐतिहासिक पार्टी एकीकरण (२०४८) भयो र नेकपा एकता केन्द्र जन्मियो। यसको एकता महाधिवेशनमा पार्टीको पथप्रदर्शक सिद्धान्तमा मालेमावाद र राजनीतिक कार्यदिशामा नयाँ जनवारी क्रान्तिको लागि दीर्घकालीन जनयुद्ध गर्ने निर्णय भयो। २०५२मा जनयुद्ध थालनी भइ त्यो घरि आक्रामक घरि रक्षात्मक अवस्थाबाट गुज्रदै जाँदा नयाँ जनवाद प्राप्तिको सङ्घर्षबाट भाग्दै प्रजातन्त्र (संसदीय) को पोल्टामा आत्मसमर्पित भयो र श्रमिक जनताको आशा तथा अपेक्षामाथि कुठाराघात गऱ्यो। यो कुठाराघातको विरुद्ध किसान र ज्यामी खै ! राँको बालेर उठेको ?

वामपन्थको चुचुरोमै पुगेका जनताको भरोसाका स्तम्भहरु राम वहादुर थापामगर, देव गुरुङ्ग, पम्फा भुसाल आदि नेताहरु जनयुद्ध चल्दा वनमा अपेरा हेरेर रोएका थिएँ, आज ती दक्षिणपन्थको भडखारोमा कसरी खस्न पुगे ? 'सन्नावगैचा' को रामवहादुरजीको जोशिलो भाषणको क्यासेटले आज उनलाई झस्काउदैन ? मुक्तिको सपना बाँड्दै झोप्राक र अल्काटार पुगेको देव गुरुङ्गलाई आ□नै 'राजनीतिक ल्कास' ले चिमोटदैन ? महिला स्वाधीनताको निम्ति विश्वास अर्पण गर्दै तुलसीपुर र खलङ्गा चाहारेकी पम्फा भुसाललाई उनको भाषणले तर्साउँदैन ? यिनीहरुको सातो काड्दै सर्वहारा साँस्कृतिक क्रान्ति खै आँधीवेहेरी भएर मडारिएको? पार्टी पङ्क्तिको मात्र खबरदारीलाई त यिनले यसै ठेलिदिन्छन्, यिनलाई त जनताको वृहत खवरदारीले अँचेट्नुपर्छ ।

साँस्कृतिक क्रान्तिको तीर नेकपा क्रा.मा.तिर पनि सोझ्याएर भन्नुपर्छ-'नेताहरु हो ! तिमीहरु पाक्नू तर कहिल्यै नकुहिनू ।'

एकातिर पार्टी र नेतृत्वमा यस्तो विचलन, विघटन फूट र अविश्वास व्याप्त छ भने अर्कोतिर बुद्धिजीवी र कार्यकर्ताहरुको जीवनशैली र विचार व्यवहार र चिन्तन सर्वहारावादी हुनुपर्नेमा अहं र विलास, सामन्तवादी र पुरातनपन्थी, पुँजीवादी र बुद्धिवादी विचारले ग्रस्त छ । यी सवै गैह्र कम्युनिष्ट प्रवृत्तिको विरुद्ध एउटा सशक्त साँस्कृतिक क्रान्तिको खाँचो छ । अरु सबै खाले आन्दोलन तथा सङ्घर्षहरुलाई निरन्तर राखेर श्रमिक र किसानहरुले साँस्कृतिक क्रान्तिको आँधी उठाएर आ□नो पार्टी र समुदाय भित्रका नेपाली काउत्सकी, ट्राटस्की, तेङ आदिलाई वढार्नुपर्छ तर 'फेङ' लाई सप्रिने मौका दिनुपर्छ र निम्नपुँजीपन्थीहरुलाई पनि औंलो ठड्याउनु पर्छ । म मेरा निम्नपुँजीपन्थी विचारहरुको नाकैमा अहिल्यै औलो ठड्याउँछु ।

## ◆ झर्रोटर्रो — कैलुब्राह

# नोटबन्दी

हाम्रो परम् हितैषी मित्रले हामीलाई बेलाबेलामा अड्को थापेर सताइरहन्छ । यसपाली फेरि नोटबन्दी गरेर हामीलाई थला पारेको छ । पहिले नाकाबन्दी त अहिले नोटबन्दीको मार हामीले मरिच चाम्रिए झैँ चाम्रिएर सहनु परेको छ । गएको बर्स नाकाबन्दी लगाएर हामीलाई चुट्नुसम्म चुट्यो गुज्जर भैयाले । त्यो मारको पीडाबाट तङ्ग्रिन नपाउँदै यतिखेर नोटबन्दी गरेर गोर्खेलौरीले चुटेको छ । यति गर्दा पनि हामीले उसलाई परम् हितैषि मित्र मान्न र भन्न छोडेका छैनौँ । लम्पसार पर्न छोडेका छैनौँ । जय प्रभु ! भनेर भक्तिगान गाउन छोडेका छैनौँ । उसको चाकडी गर्न छोडेका छैनौँ । यति गर्दा पनि उसले भने हामीलाई मित्र कहिल्यै मानेन । भनेन । जहिल्यै पनि उसले हामीलाई कौडीको मूल्य भन्दा सस्तो भाउको रैती ठान्यो र त्यस्तै व्यवहार गरिरह्यो ।

गएको महिनाको अन्तिम साता त्यहि मित्र मण्डलका मुखिया गुज्जर भैयाले आफ्ना देशबासीका नाममा सम्वोधन गरे । सम्वोधनसँगै एक हजार पाँचसयको हनुमन्ते गदाले हिर्काएर सबैलाई थला पारे । उनले हिर्काएको चोटबाट देश विदेशका बडेबडे महाजन बानियाँहरूको टाउको रन्थनिएर तीन सय साठी डिग्री फन्को माऱ्यो । चोटबाट थलिएर कसैले तत्क्षण प्राणपखेरु उडाएर 'यमलोक' तिरको यात्रमा पाइला चाले । कोही मर्माहन्त हुनेगरी थला परे । कोही मूर्छा परे । कोही अर्धबेहोस भएर बर्बराउन थाले । कसैले बाँच्ने चोरदूलो खोज्न थाले । गुप्त ब्यापारबाट आर्जेको धन बेकामे भएपछि मर्नु न बौलाउनुको स्थिति पैदा भयो । गुप्तब्यापारीहरूलाई ठोकेर ठिक पार्छु भन्दा सर्वसाधारण मनुवाहरू पनि चामलमा घुन पिसिएझैँ पिसिनु परेको छ । यसले सबैलाई रुवावासी बनाएको छ । यो उनकै मण्डलीको कुरा भयो ।

यता हाम्रो सदरभित्र पनि गुज्जर भैयाको हिर्काइले धेरैलाई थला पारेको छ । गएको बर्स पनि यहिबेला हाम्रो सदरमा नाकाबन्दी लगाएर हाम्रो सदरभित्रका मनुवाहरूलाई रुवाउनसम्म रुवाएका थिए । अहिले फेरि यहिबेला नोटबन्दी लगाएर फेरि पनि उसैगरी रुवाएका छन् । गुप्तब्यापार गरेर कालो धन थुपार्नेलाई मात्र चोट परे त हामी सर्वसाधारण मनुवाहरूलाई लुतो न चिलाई हुँदो हो तर त्यो एकहजार पाँच सयको हनुमन्ते गदाले त हाम्रो सदरका मनुवाहरूको नुन पानी पनि रोकिएर ठाडै सुकाउने पो भयो त गाँठे । मञ्जनदेखि साबुनसम्मका दैनन्दिनका प्रयोजनीय समान त उतैबाट आउँथ्यो नै तर गोलभैँडादेखि आलुसम्म पनि फलाउन नसक्ने हाम्रो कृषिप्रधान मुलुकमा अब कुहेका आलु, फर्सी र गोलभैँडा पनि गुज्जर भैयाको हनुमन्ते गदाको हिर्काइमा परेर नोटबन्दीको शिकार भए । किड्नी र फोक्सो सडाउने कारबाइडको झोलमा चोवेका केरा पनि नोटबन्दीले गर्दा आउन बन्द भएका छन् । यसले हामी खेतीपाती गर्न छोडेर रेमिट्यन्स ढुकेर बसेका सोझासिधा मनुवाहरूलाई इस् खा भनेर लोप्पा खुवाइदिएको छ ।

यतिखेर हाम्रो सदरका ठूला महाजन, राजकाज चलाउने सनातनी विर्ता पाएका नेता नामका मनुवाहरू र दिब्य दस बर्स बनवास बसेर यस सदरभित्र महाभारत रचेर आएका जिमुवाल र उनलाई सुमेरु मानेर फनफनी घुम्ने गणेश प्रवृत्तिका गुप्त ब्यापारीहरू, नन्दी भृङ्गीहरूमा रुवावासी चलेको छ । गुज्जर भैयाका मण्डलमा पाखुरा बेचेर आएका दीनदुःखी मनुवाहरूले लिएर आएका नोट र निमुखाहरूलाई महङ्गीको भारी बोकाएर खैँचिएका नोटहरू यतिखेर बेकामे भएर उनीहरूका सेफहरूमा थन्किएका छन् । हाम्रो सदरका मुखियाहरूले गुज्जर भैयासँग बातचित मारेर नोटबन्दीको मारमा परेका आफ्ना मनुवाहरूको उद्धार गर्न सकेका छैनन् । यताको नोट छाप्ने हालहुकुम पाएको र ढिकुटी राख्ने अख्तियारी पाएको लाउके बैँकले पनि मनुवाहरूलाई परेको पीर मर्का टुलुटुलु हेरेर बसेको छ । उसले पनि आफूसँग भएको गान्धी चाचाका टाउका थुपारेर बसेको छ । यस्तो चालाले नोटबन्दीको फाइदा फेरि पनि तिनै अँध्यारा र गुप्त ब्यापारीहरूले अर्को तरिकाले लिन थालेका छन् । उनीहरूले सामानको मूल्य चर्काएर आफ्ना पाखुरा बेचेर बाँच्ने जोहो गरेका सोझासिधा मनुवाहरूबाट अशुलउपर गरिरहेका छन् । यतातर्फ राजकाज चलाउने जिमुवाल र मुखियाहरूले कुनै चासो र ध्यानसम्म दिएका छैनन् । सायद यसबाट उनीहरूलाई थोरबहुत कमिसन आउँदो हो । कमिसन आएपछि तैँ चुप मै चुप पो भएका हुन् कि । नत्र साल्ट ट्रेडिङले हामीसँग प्रसस्तै नुन छ भन्दाभन्दै नेपालगन्जका जनताले १९ रूपैयाँको नुनको पोकोलाई ८० रूपैया तिरेर किन्नु पर्थेन होला । पोहोर सालको नाकाबन्दीमा अँध्यारा र गुप्त ब्यापारी लुटेराहरूले प्रेट्रोल र डिजेलमा लाखौँ लाख रातारात कमाए । आयल निगमका डाइरेक्टरको लगानी भएको बिराट पम्पवालाले हाम्रा गरीब गुरुवाहरूबाट लुट्नसम्म लुटे । अहिले पनि नोटबन्दी गरेर गुज्जर भैयाले यस्तै लुटेराहरूलाई लुट्ने अवसर दिएका छन् ।

हाम्रो मण्डलीका मुखियाहरू लम्पसार परेर तिनै गुज्जर भैया र उनका दूतहरूको सेवाचाकडी गर्नमै व्यस्त छन् । र, आफूलाई लम्पसारवादीमा रुपान्तरण गरेका छन् । संविधान संसोधन गरेर तिनै गुज्जर भैयाका मण्डलीमा आफ्नो मण्डली मिलाईदिने नयाँ अवतारको लेन्डुपे बन्ने अभियानमा व्यस्त भएका छन् हाम्रा मुखिया । सँधै अर्काको निर्देशन लागू गर्ने नोकर बन्नु भन्दा मण्डल नै उतै बुझाएपछि हाइसन्चो भन्ने ठानेका छन् क्यारे । त्यहि भएर गुज्जरवालाहरूका सिता खाएर गीता गाउँदै आएका अङ्गीकृत लाउकेहरूलाई मुखिया बनाउने गरी संविधान वदल्ने चटारोमा हतारिएर लागिपरेका छन् । हाम्रा मण्डलका मुखियालाई आफू मरे कुत्तै राजा भन्ने लागेको छ ।

४ मङ्सिर २०७३

kailubraha73@gmail.com

## क्रान्तिकारी माओवादीमा ...

क्रान्तिकारी माओवादीमा समाहित भएर क्रान्तिकारी ध्रवीकृत हुन आग्रह गरेका छन् ।

यस्तै डोटीमा नेकपा एमालेका दिपायल नगर कमिटिका सदस्य दिलीप नेपाली र कृष्ण श्रेष्ठ पनि क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् । क्रान्तिकारी माओवादीमा ध्रुवीकरणको प्रक्रियामा नेत्रविक्रम चन्द विप्लव नेतृत्वको माओवादीका नेताहरु पनि सामेल भएका छन् । अछाममा नेकपा (माओवादी) विप्लव समूहका जिल्ला सहसचिव गणेश शाही 'मोहन', जिल्ला सदस्य जुनेलीसहित चार जना जिल्ला स्तरीय नेता तथा अन्य दर्जनौंको संख्याका कार्यकर्ताहरु क्रान्तिकारी माओवादीमा समाहित भएका छन् । माओवादी पार्टी शान्ति प्रक्रियामा सामेल भएसँगै पार्टीको ठूलो हिस्सा क्रान्तिका बाँकी कार्यभार चटक्कै छाडेर सत्तालिप्सा र व्यक्तिगत स्वार्थ तथा महत्वाकांक्षामा केन्द्रीत हुँदा पटक पटक विभाजन बेहोर्दै आएको माओवादी आन्दोलनमा पुनः क्रान्तिकारी ध्रुवीकरण सुरु भएको हो । नेकपा (क्रान्तिकारी माओवादी)का कार्यदिशा, योजना र कार्यक्रममा सहमत हुनसक्नेलाई क्रान्तिकारी ध्रुविकरणमा सामेल गर्ने निर्णय गरेसँगै अहिले देशव्यापी रुपमा ध्रुविकरणको लहर चलेको हो । राजधानीसहित देशका विभिन्न जिल्लामा अझै नेकपा (माओवादी केन्द्र) विप्लव माओवादी, बाबुराम भट्टराईको नयाँ शक्तिबाट समेत त्यहाँ रहेका क्रान्तिकारीहरुले ध्रुविकरणका लागि बहस सुरु गरेका छन् । अहिलेको समयमा मोहन वैद्य 'किरण' को नेतृत्वमा रहेको क्रान्तिकारी माओवादीले लिएको कार्यदिशाबाटमात्रै नेपाली क्रान्तिलाई बचाउँदै बाँकी कार्यभार पूरा गर्न सकिने निष्कर्षसहित ध्रुवीकरणको प्रक्रियामा सामेल हुने क्रम बढेको हो ।

## क्रान्तिकारी माओवादीद्वारा श्रद्धाञ्जली व्यक्त

**पाल्पा ।** नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) पूर्वी मगरात राज्य इन्चार्ज तथा पार्टी सचिवालय सदस्य केवी गुरुङले एक शोक वक्तव्य जारी गर्दै पार्टीका केन्द्रीय सदस्य तथा पूर्वी मगरात रँज्य समिति सदस्य निल बहादुर पुनकी ममतामयी आमा प्रथमा पुनको ९९ वर्षको उमेरमा भएको निधनप्रति दुःख व्यक्त गर्दै मृतक पुनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुका साथै शोकसंतप्त परिवारजनमा समवेदना प्रकट गरेको छ ।

यसैबीच जिल्ला पार्टीका संयोजक ऋषि राम रोकाले पनि एक शोक वक्तव्य जारी गर्दै मृतक पुनप्रति हार्दिक श्रदान्जली अपर्ण गर्दै शोकसंतप्त परिवारजनमा समवेदना प्रकट गरेको छ । प्रथमा पुनको मंसिर ४ गते आफ्नै घरमा निधन भएको थियो ।

# ट्रम्पको उदय र यसले गरेको संकेत



इन्द्रमोहन सिग्देल

*अमेरिकामा निर्वाचनको प्रक्रिया सुरुभए देखि नै विश्वभरीको जनमत, मूख्यतः मिडिया, ट्रम्पका विरुद्ध खनिएको थियो । उनको छुद्र अभिव्यक्ति र आक्रामक प्रचार शैलीका कारण उनले निर्वाचनमा विजय प्राप्त गर्ने आंकलन प्रायः कसैले गरेको थिएन ।*

यही नोभेम्बर ९ का दिन अमेरिकामा राष्ट्रपतीको निर्वाचन सम्पन्न भएको छ । यो निर्वाचनमा रिपब्लिकन पार्टीका प्रत्यासी डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपति पदमा निर्वाचित भएका छन् । उनी प्रत्येक ४ वर्षमा हुने अमेरिकाको ५८औं निर्वाचनबाट निर्वाचित ४५औं राष्ट्रपति हुन् । त्यहाँको निर्वाचन प्रक्रियामा निर्णायक अर्थ राख्ने ५३८ जनाको ईलेक्टोरल कलेजमा उनले २९० मत प्राप्त गरे । डेमोक्र्याटिक पार्टीकी उम्मेदवार हिलारी क्लिन्टनले जम्मा २२८ मत पाईन् । तर, पोपुलर भोटमा भने मत परिणाम ठीक उल्टो हुन गयो । पराजित क्लिन्टनले ६,०४,६७,६०१ मत प्राप्त गरिन् । यो कुल खसेको सदर मतको ४७.७१ प्रतिशत हो । तर, विजयी ट्रम्पले जम्मा ६,००,७२,५५१ मत पाए । यो खसेको सदर मतको ४७.४१ प्रतिशत हुन आउंछ । यस निर्वाचनमा मताधिकारका लागि योग्य ठहरिएका करीव २३ करोड १० लाख अमेरिकी नागरिक मध्ये १२ करोड ८८ लाखले मात्र मतदान गरे । अर्थात अमेरिकाको यो निर्वाचनमा जम्मा ५६.९ प्रतिशत जनताले आफ्नो मत खसालेका थिए ।

यस पटकको अमेरिकाको निर्वाचन यस अगाडिका निर्वाचनहरु भन्दा बढी चर्चामा रह्यो । सुरुबाट नै डोनाल्ड ट्रम्प निकै आक्रामक र छुद्र तरिकाले पेस भए । उनलाई निर्वाचनमा हराईए उनले निर्वाचनको परिणाम नमान्ने घोषणा गरे । उनले निर्वाचनमा जिते उनका प्रतिद्वन्द्वी हिलारी क्लिन्टनलाई जेलमा कोच्ने मात्र होईन हत्या गर्ने सम्मको धम्की समेत दिए । उनको प्रचार अभियानको प्रमूख नारा "अमेरिकालाई फेरी महान बनाउ" (:बपभ ब्भचष्अब न्चभबत ब्नबष्ल) भन्ने रहेको थियो । प्रचार अभियानको क्रममा उनी अमेरिकी विदेश नीतिको एउटा आधारशिला मानिने नेटोका चर्को आलोचक रहे र उनले नवउदारवाद तथा भूमण्डलीकरणको पनि तीव्र विरोध गरे । उनले जलवायु परिवर्तन सम्बन्धी गत साल सम्पन्न पेरिस सहमतिलाई आफु राष्ट्रपति भएको १०० दिन भित्रमा उल्टाउने घोषणा समेत गरे । यी सबैका अतिरिक्त उनले मुस्लिमहरुलाई अमेरिकाबाट लखेट्ने, कोलम्बिया लगायत विश्वभरीका आप्रवाशीहरुलाई अमेरिकी सिमाना कटाउने र कोलम्विया र अमेरिकाको सिमानामा पर्खाल लगाउने जस्ता थुप्रै काम गर्ने खुलासा पनि गरे । उनी महिलाहरुप्रति पटक्कै सहिष्णु देखिएनन् । तर यी सबै कुराका बाबजुद, गोरा जातीहरुको अन्धराष्ट्रवादी अहंकारलाई अमेरिकी समाजमा स्थापित गर्ने र देशलाई फासीवादको दिशामा अगाडी बढाउने योजना सहित उनी अमेरिकी राष्ट्रपतिको रुपमा निर्वाचित भएका छन् । अहिले यो एउटा अकाट्य सच्चाई बनेको छ ।

अमेरिकामा निर्वाचनको प्रक्रिया सुरुभए देखि नै विश्वभरीको जनमत, मूख्यतः मिडिया, ट्रम्पका विरुद्ध खनिएको थियो । उनको छुद्र अभिव्यक्ति र आक्रामक प्रचार शैलीका कारण उनले निर्वाचनमा विजय प्राप्त गर्ने आंकलन प्रायः कसैले गरेको थिएन । अमेरिकामा गरिएका मत सर्बेक्षणहरुमा उनको नाम कहिल्यै पनि अगाडि आएको देखिएन । जग्गा दलालीबाट आफ्नो व्यवशाय सुरुगरेका अहिलेका एकजना अरवपति डोनाल्ड ट्रम्प यो भन्दा पहिला कहिल्यै राजनीतिक गतिविधीमा देखिएका व्यक्ति थिएनन् । एक बर्ष अगाडि मात्र पार्टीमा प्रवेश गरेका ट्रम्प आफ्नै क्षमताले अमेरिकामा विदेश मन्त्रीको हैसियतमा पुगेकी र पूर्वराष्ट्रपति विल क्लिन्टनकी धर्मपत्नि हिलारी क्लिन्टनका सामु राजनीतिक रुपमा फुच्चे नै देखिन्थे । त्यसमाथि रिपब्लिकन पार्टी उनको वरिपरी एकतावद्ध पनि थिएन । उक्त पार्टीका तर्फबाट निर्वाचित पूर्व राष्ट्रपति जर्ज डब्लु बुशले ट्रम्पलाई मत नदिएको कुराले पार्टी भित्रको कलहको स्थितिलाई स्पष्ट गरिसकेको छ । यो स्थितिमा हिलारी क्लिन्टनको विजयलाई प्राय निश्चित छ भनी आंकलन गर्ने कुरा त्यति अस्वाभाविक थिएन ।

तर, निर्वाचन परिणाम त्यसको ठीक उल्टो आयो । डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपतिमा चुनिए । उनी मात्र विजयी भएनन् अमेरिकाको तल्लो सदन प्रतिनिधी सभा र उपल्लो सदन सिनेट दुबैमा रिपब्लिकनहरुको बलियो बहुमत पुग्यो । यो ट्रम्पका लागि निकै सहज स्थिति हो । यस निर्वाचनबाट उनी अमेरिकाका एकजना बलियो राष्ट्रपति बनेका छन् । उनका विरोधीहरुबाट राष्ट्रपति मान्दैनौ भनेर उनका विरुद्ध सडक प्रदर्शन भएका छन्, उनको पुत्ला दहन गरिएको छ र उनलाई महाभियोग लगाउने विषयमा छलफल पनि चलेको छ । तर, विषम स्थिति आए के होला भन्न सकिन्न, नत्र उनी अब आउने ४ बर्षका लागि अमेरिकका बलिया राष्ट्रपति बनेका छन् । यो एउटा कटु यथार्थ हो ।

निर्वाचन परिणाम वाहिर आए पछि विश्व साम्राज्यवादको संस्थापन पक्ष, मूख्यतः नेटो समूह, निकै तरंगित भएको देखिन्छ । निर्वाचनको यो परिणामले विश्वको अर्थ-राजनीतिक परिवेशमा ठूलो उथलपुथल ल्याउने आंकलन गर्न थालिएको छ । यो स्वाभाविक हो । विश्व साम्राज्यवादको नाईके अमेरिकामा देखिएको यो परिणामलाई एउटा देशको निर्वाचनमा आएको एउटा सामान्य अनपेक्षित फेरबदल मात्र मान्नु हुदैन । यो विश्वको अर्थ-राजनीतिक परिवेश एउटा प्रवृत्ति तिर उन्मूख छ भन्ने कुराको स्पष्ट संकेत हो । सामान्यतः यो दशकको सुरुबाट र त्यसमा पनि पछिल्ला केही वर्षहरुमा विश्वमा देखिएका कतिपय राजनीतिक परिघटनाहरुले यसलाई थप पुष्टि गरिरहेका छन् ।

राजनीतिक रुपमा कमजोर, विश्व जनमतको विरोध र पार्टीभित्रको अन्तरकलह जस्ता चुनौतीहरुका बीचबाट ट्रम्प कसरी निर्वाचित हुन पुगे ? यसका पछाडि मूख्यतः दुईवटा कारणहरु जिम्मेवार रहेको देखिन्छ । पहिलो, "अमेरिकालाई फेरी महान् बनाउ" भन्ने उनको चुनावी नारा र दोस्रो नवउदारवाद तथा भूमण्डलीकरणको विरोध । पहिलो नाराले अमेरिकी गोराहरुको उच्च-जातीय अहंकारवादलाई उत्साहित गऱ्यो र दोस्रो नाराले अमेरिकाको सर्बहारावर्गमा राहतको अनुभूती गरायो । यी ट्रम्पको विजयका प्रमूख आधारहरु हुन् भन्ने देखिन्छ ।

यी आधारहरु निर्माण हुनु पछाडीका केही महत्वपूर्ण कारणहरु छन् । बेलायत, जर्मन, जापान, ईटली जस्ता तात्कालिन प्रभावशाली साम्राज्यवादी देशहरु दोस्रो विश्वयुद्ध पश्चात् विश्व राजनीतिक रंगमञ्चमा निकै पछाडी धकेलिए । त्यो ठाउं अमेरिकाले लियो । अमेरिकाले आफ्नो अर्थ-राजनीतिक हैसियत यसरी विकास गऱ्यो कि उ साम्राज्यवादी विश्व व्यवस्थाको नाईके बन्न गयो र आर्थिक रुपले विश्वको सबैभन्दा समृद्ध राष्ट्र पनि । गत ७०को दशक तिर विश्व अर्थतन्त्रमा अमेरिकाको हिस्सा ५० प्रतिशत भन्दा माथि थियो । यो अमेरिकी उच्चवर्गका गोराहरुका लागि गौरवको विषय थियो र यसले उनीहरुको उच्च-जातीय अहंकारलाई थप मलजल पनि गरिरहेको थियो । तर, अहिले अमेरिकाको परिस्थिति पहिलेको जस्तो छैन । विश्व राजनीतिमा अमेरिकाको वर्चस्व खस्किंदो छ । अहिले विश्वको कुल अर्थतन्त्रमा अमेरिकाको हिस्सा २२.५३ प्रतिशतमा झरेको छ । यी र यस्ता थुप्रै कुराहरुले अन्धराष्ट्रवादी गोराहरुको अहममा क्रमसः धक्का लाग्ने कुरा स्वभाविक थियो । यो पृष्ठभूमीमा "अमेरिकालाई फेरी महान बनाउ" भन्ने चुनावी नाराले उच्च-जातीय अहंकारवादी अमेरिकन गोराहरुलाई धेरै उत्साहित गरायो र उनीहरु अन्ध-राष्ट्रवादी डोनाल्ड ट्रम्पको समर्थनमा लाम लागेर उभिए । ट्रम्पको विजयका पछाडिका धेरै कारणहरु मध्ये यो एउटा महत्वपूर्ण कारण थियो ।

विश्व साम्राज्यवादी अर्थतन्त्र एक पछि अर्को गरी गंभीर संकटमा पर्दै आएको हामीले ईतिहासमा देख्दै आएका छौं । त्यसमा पनि नवउदारवाद र भूमण्डलकिरणका कारण मूख्यतः २००८ पछि अमेरिकाबाट सुरुभएको आर्थिक संकटले अहिले पुरै विश्वलाई गाँजेको छ । यो संकटको अन्तः हुने संकेत कहींकतै देखिंदैन । बरु यो संकटका कारण एकातिर विश्वभरी धनी र गरीवहरुका बीचको आर्थिक खाडल अरु गहिरिंदै गएको छ र बेरोजगारीको दर बढदै गएको छ भने अर्कोतिर मितव्ययिताका सर्तका नाममा साम्राज्यवादीहरुले तलव, पेन्सन, स्वास्थ्य सुविधा लगायत सामाजिक सुरक्षा भत्ताको कटौती गर्दै लगेका छन् । यो स्थितिमा सामान्यतः आम जनता र विशेषतः न्युन वैतनिक श्रमजीविहरुको दैनिकी अस्तव्यस्त बनेको छ । यो अमेरिका लगायत अन्य देशका लागि पनि सत्य हो ।

निर्वाचनको प्रक्रियामा हिलारी क्लिन्टन अर्थात सत्ताको संस्थापन पक्ष नवउदारवाद र भूमण्डलीकरणका पक्षमा खडा भयो तर ट्रम्प त्यसका विरुद्ध । उनले अमेरिकावाट अन्य देशमा सारिएका उद्योगहरु अमेरिका मै पुनर्स्थापित गरेर बेरोजगारहरुलाई रोजगारी दिलाउने कबुल पनि गरे । मजदुर आन्दोलनमा सर्वहाराबर्गको नेतृत्व अत्यन्त कमजोर भएको वर्तमान स्थितिमा नवउदारवादका विरुद्धको ट्रम्पको आवाज श्रमजीवि मजदुरका लागि झिनो भए पनि राहतको विषय बन्न गयो । त्यति मात्र होईन, विदेशी श्रमिकहरुलाई अमेरिका प्रवेशमा नियन्त्रण गर्ने र आप्रवाशीहरुलाई स्वदेश फिर्ता पठाउने भावी कार्यक्रमका कारण पनि अमेरिकी मजदुरहरुले ट्रम्प राष्ट्रपति बनेमा आफ्नो रोजगारी सूरक्षित रहने देखे । यसले मूख्यतः गोरा जातीका अमेरिकी मजदुरलाई ट्रम्पको पक्षमा उभ्याउने काम गऱ्यो । यो ट्रम्पको विजयका पछाडीको अर्को महत्वपूर्ण कारण हो ।

अमेरिकाको निर्वाचनमा जे देखियो त्यो अमेरिकाको मात्र आन्तरिक ... बाँकी ७ पेजमा

---

## महान् अक्टोबर ...

गर्न अघि बढ्नुपर्ने उल्लेख गर्दै निम्न कुराहरु बताएका थिए र सोही अनुसार भएको थियो-

बोल्शेभिकहरुले दुवै राजधानीहरुका मजदुर र सैनिक प्रतिनिधिहरुको सोभियतमा बहुमत हासिल गरेको हुनाले आफ्नो हातमा राज्यसत्ता लिन सक्छन र लिनै पर्दछ ।

उनीहरुले किन सक्दछन् भने दुईवटै मुख्य शहरहरुमा भएका क्रान्तिकारी तत्वहरुको सक्रिय बहुमतलाई जनतासगैं परिचालन गराउन विरोधिपक्षको प्रतिरोध माथि जित हासिल गर्न, उसलाई धरासायी पार्न र सत्ता प्राप्तगर्न एवं कायम राख्नकालागि एकदमै प्रयाप्तहुन्छ ।....

हामीलाई अहिले विद्रोह शब्दको संकुचित अर्थमा "दिन" र "क्षण" सँग सरोकार रहेको छैन । त्यो कुराको छिनोफानो जो मजदुर र सैनिकहरुसँगको, जनसमुदायसँगको सम्पर्कमा छन, तिनिहरुको साझा आवाजद्वारा मात्रै हुनेछ ।

यतिखेरको कुरा के हो भने लोकतान्त्रिक सम्मेलनमा, वास्तवमा हाम्रो पार्टीको आफ्नै अधिवेशन छ (यसले चाहे पनि नचाहे पनि) त्यसले क्रान्तिको भाग्य निर्धारण गर्नै पर्दछ ।

कुरा के हो भने पार्टीको कामलाई स्पष्ट पार्ने हो । बर्तमानको काम भनेको पेत्रोग्राद र मस्को (यसका इलाका समेत) मा सशस्त्र विद्रोह हुनै पर्दछ भन्ने हो । सत्ता कब्जा गर्ने हो र सरकारलाई पल्टाउने हो । हामीले यो कुरालाई संचार माध्यममा धेरै नभनिकनै कसरी आन्दोलित बनाउने भन्ने कुरा विचार गर्नै पर्दछ ।

हामीले विद्रोहका बारेमा "विद्रोह एउटा कला हो" भन्ने शबदहरुलाई सम्झनै पर्दछ र महत्व दिनै पर्दछ इत्यादी ।

मस्को र पेत्रोग्राद दुवै ठाउमा एकसाथ सत्ता लिएर (कुन ठाउँमा पहिला सत्ता हासिल हुन्छ भन्ने कुराले अर्थ राख्दैन, सम्भवतः मस्कोमा पहिला सूरु हुन सक्छ) हामीले निरपेक्ष ढंगले र प्रश्नै नउठ्ने गरि जित हासिल गर्नेछौं (The Bolshevicks Must Assume Power, Lenin Collected Works Vol. 26 pp 19-21) ।

उनले विद्रोहलाई एउटा कलाकोरुपमा लिएर त्यसका कृयात्मक चालवाजीलाई व्यवहारिक रुपमा कसरि कार्यान्वयन गर्नु पर्दछ भन्ने कुरालाई यसरी स्पष्ट पारेका छनः

...हामीले विद्रोह एउटा कला हो भन्ने मार्क्सको विचारलाई केवल शब्दहरुमा मात्र देखाउने होइन कि त्यही रुपमा व्यवहार गर्नै पर्दछ... ।

साथसाथै हामीले विद्रोहलाई मार्क्सवादी ढंगले अर्थात् एउटा कलाका रुपमा व्यवहार गर्नका लागि एकक्षण पनि नगुमाएर विद्रोही टुकुडीहरुको मुख्यालय स्थापना गर्नु पर्दछ । हाम्रो शक्तीलाई वितरण गर्नु पर्दछ । विश्वासनीय सैन्य टुकडीलाई अति महत्वपूर्ण विन्दुहरुमा परिचालन गर्नु पर्दछ । अलेक्ज्यान्ड्रस्की थियटरलाई घेर्नु पर्दछ । पिटर र पाउल किल्लाहरुलाई आवाद गर्नु पर्दछ । सैनिक पदाधिकारी र सरकारलाई नियन्त्रणमा लिनु पर्दछ । अधिकृत क्याडेटहरु र स्याभेज डिभिजन जो यस्ता फौजहरु हुन जसले शहरको रणनैतिक विन्दुहरुतर्फ पुग्ने अनुमति दिनु भन्दा बरु मर्नेछन- त्यसका विरुद्ध बढ्नु पर्दछ । हामीले सशस्त्र मजदुर हरुलाई परिचालन गर्नै पर्दछ र उनिहरुलाई अन्तिम निर्मम लडाई लड्नका लागि आह्वान गर्नु पर्दछ । आकाशवाणी र दुरसंचार केन्द्र एकैसाथ कब्जा गर्नु पर्दछ । हाम्रो विद्रोहको मुख्यालयलाई केन्द्रीय दुरसंचार कार्यालय तर्फ लैजानु पर्दछ र यसलाई सबै कारखाना, फौज, सशस्त्र लडाइका सबै विन्दुहरुसँग टेलिफोन सम्पर्कमा राख्नु पर्दछ ।

वास्तवमा यदि विद्रोहलाई एउटा कलाको रूपमा व्यवहार गरिदैन भने यो उदाहरणद्वारा तथ्यलाई केलाउन सकिन्छ कि वर्तमान अवस्थामा मार्क्सवाद प्रति इमान्दार हुन, क्रान्ति प्रति इमान्दार रहन असम्भव छ (Marxism and Insurrection, Lenin Collected Works Vol. 26 pp 25-27 ।

स्टालिनले सशस्त्र विद्रोह र त्यसका कार्यनीतिक चालबाजीका सम्बन्धमा जनता स्वयंममा हतियारवन्द हुने उत्कट चहना जगाउनु पर्ने अर खास गरेर सर्वहारावर्गलाई हतियारवन्द गराउनु पर्ने कुरा योजनावद्ध कामहरुका बारेमा यसरी भनेका छनः

...निरंकुशता विरुद्धको हाम्रो संघर्ष त्यस्तो अवस्थामा प्रवेश गरिसकेको छ जवकी हतियारवन्द हुनेकुराको आवश्यकतालाई आम रुपमै स्वीकार गरिएको छ । तर हतियारवन्द हुने कुराको आवश्यकता महसुस गर्नु मात्रै प्रयाप्त हुदैन- त्यो व्यवहारिक कार्यलाई पार्टीका सामु ठोस रुपमा र स्पष्ट रुपमा राख्नै पर्दछ । अतः हाम्रा कमिटीहरुले एकसाथ स्थानियरुपमै जनतालाई हतियारवन्द गराउन, यि कुराको ब्यवस्थापनका लागि विशेष समुहहरु खडा गर्न, हतियार खरिद गर्ने उद्देश्यका लागि जिल्ला स्तरिय समुहहरु संगठीत गर्न, विभिन्न खालका विस्फोटक पदार्थहरु तयार पार्नका लागि कार्यशालाहरु आयोजना गर्न, राज्य एवं हतियार र हतियार शस्त्रागारहरुका निजी भण्डारहरु कब्जा गर्नलाई योजनाहरु बनाउन एकैसाथ अगाडी बढ्नै पर्दछ । नयाँ इस्क्राले हामीलाई सुझाव दिए जस्तै हामीले जनतालाई "उनीहरु स्वयंलाई हतियारबन्द हुने जल्दोबल्दो आकांक्षाका साथ" हतियारवन्द मात्र बनाउने होइन तर "सर्वहारा वर्गलाई हतियारवन्द गराउने जस्तो एकदमै उत्साहप्रद कार्यहरु पनि गर्नै पर्दछ (Armed Inserrection and our Tactics, J. V. Stalin Works Vol. 1 pp 136) ।

लेनिनको नेतृत्वमा रहेको बोल्शेभिक पार्टीले रूसमा सामाजवादी क्रान्ति सम्पन्न गर्नको लागि १५ दिन अगाडि मात्रै सशस्त्र विद्रोहको कार्यान्वयन गर्ने निर्णय गरेको थियो । र त्यो विद्रोह गर्ने परिस्थिति किन परिपक्व भएको छ भन्ने बारेमा सोभियत संघको कम्युनिष्ट पार्टी (बोल्शेभिक) को इतिहासमा यसरी उल्लेख गरिएको छ :

अक्टोबर ७ तारिखमा लेनिन गोप्यरूपमा फिनल्याण्डबाट पेत्रोग्रादमा आइपुग्नु भयो । १० अक्टोबर १९१७ मा पार्टी केन्द्रीय समितिको ऐतिहासिक बैठक बस्यो, जसमा आगामी केही दिनमा सशस्त्र विद्रोह चलाउने निर्णय भयो । लेनिनद्वारा लेखिएको पार्टीको केन्द्रीय समितिको प्रस्तावले भन्यो, केन्द्रीय समितिले यो स्वीकार गर्दछ कि रूसी क्रान्तिको अन्तर्राष्ट्रिय स्थिति जर्मन नौसेनामा भएको विद्रोह रूसी क्रान्तिको घाटी निमोठ्ने उद्देश्य सहित साम्राज्यवादीहरूले शान्तिको निष्कर्षमा पुग्ने धम्की दिनु विश्व सामजवादी क्रान्तिको युरोपव्यापी विकासको उच्चतम प्रष्फुटन हो साथसाथै सैन्य अवस्था रूसी बुर्जुवाहरू एवं केरेन्स्की गुटको पेत्रोग्रादजर्मनहरूलाई बुझाउने स्पष्ट निर्णय र सर्वहाराहरूको पार्टीले सोभियतमा बहुमत हासिल गरेको छ- यी सबै कुराहरू, किसान विद्रोहको सम्बन्ध र हाम्रो पार्टीप्रतिको जनविश्वासको लहर (मस्कोमा भएको निर्वाचन) लाई हेर्दा र अन्तत दोस्रो कोर्नीलोभ मामिलाका लागि भैरहेका प्रष्ट तयारी पत्रोग्रादबाट सेनाको फिर्ति, (पेत्रोग्रादतर्फ कोसाकहरूको प्रस्थान, कोसाकहरूद्वारा मिन्स्कको घेराबन्दी इत्यादि) यी सबै कुराहरूले गर्दा सशस्त्र विद्रोहलाई आजको दिनको काम बनाइ दिएको छ ।

त्यसकारण सशस्त्र विद्रोह अपरिहार्य छ र यसका लागि पूर्णरूपले समय पाकेको छ भन्ने कुरालाई विचार गरेर केन्द्रीय समितिले सम्पूर्ण पार्टी संगठनहरूलाई यसै अनुरूप निर्देशित हुन र सबै व्यवहारिक प्रश्नहरूलाई यहि दृष्टिकोणबाट छलफल र निर्णय गर्न (उत्तरी क्षेत्रको सोभियतहरूको अधिवेसन, पेत्रोग्रादबाट सेनाको फिर्ती, मस्को र मिन्स्कमा हाम्रा मानिसहरूको कारबाहि आदि) निर्देशन गर्दछ (October Uprising.....History of the Communist Party of the Soviet Union Bolshevick pp 205) ।

रुसमा समाजवादी क्रान्तिको तुलनात्मकरुपले सजिलैसित विजय हासिल हुनमा धेरै कारणहरु थिए । ति मध्ये मुख्य कारण निम्न थिए (सारांश मात्र दिइएको छ) :

१. जारलाई सत्ताच्युत गरेपछि आएको बुर्जुवा सरकार एकदमै कमजोर असंगठीत र अनुभव हिन थियो र त्यसको कामगर्ने तौरतरिका जारको भन्दा फरक थिएन ।

२. क्रान्तिको नेतृत्व दुइवटा क्रान्तिबाट गुज्रि सकेको र लडाईहरुबाट खारिएको क्रान्तिकारी मजदुरवर्गले गरेको थियो ।

३. मजदुरवर्गले गरिव किसानहरुसँग प्रभवकारी एकता कायम गरेका थिए र बोल्शेभिक पार्टीले जमिनदारहरु विरुद्ध लडेर उनिहरुको समस्या समाधान गर्न सक्दछ भनि प्रमाणित गरेको थियो ।

४. मजदुरवर्गको नेतृत्व राजनीतिक लडाइहरुमा प्रयत्नशील र परिक्षित भएको बोल्शेभिक पार्टीले गरेको थियो ।

५. साम्राज्यवादीहरु आफै युद्धमा फसेका र विभाजित भएका थिए, त्यसरी उनिहरु रुसमाथि हस्तक्षेप गर्न असमर्थ थिए ( October Uprising.....History of the Communist Party of the Soviet Union Bolshevicks pp 212-2140 ।

त्यसरी सशस्त्र विद्रोहको शुरू गरेर बोल्शेभिक पार्टीले अक्तोबर २५ मा अस्थायी बुर्जुवा सरकारलाई सत्ताच्यूत गरेर राज्यसत्ता सोभियतहरूको हातमा आएको घोषण रूसी जनता सामु गरेका थिए । बोल्शेभिक पार्टीको इतिहासबाट के कुरा स्पष्ट हुन्छ भने यदि पार्टी सशक्त छ र जनसमर्थन प्राप्त छ, त्यसै गरेर समग्र राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति अनुकुल छ भने राज्य सत्ता कब्जा गरेर अगाडि बढनकालागि तत्कालिन परिस्थितिको ठोस विश्लेषण गरेर सशस्त्र संघर्षको स्वरूप तय र किटान गर्न सकिन्छ । तर सत्ता कब्जा गर्ने नीति भएतापनि बोल्शेभिक पार्टीले उपर्युक्त परिस्थिति तयार हुनुभन्दा अगावै सशस्त्र विद्रोहद्वार सत्ताकब्जा गर्ने घोषणा गरेको थिएन । महान अक्टोबर समाजवादी क्रान्तिको त्यो गौरवमय विजय र विस्तारको इतिहासको आलोकबाट नेपालका सच्चा क्रान्तिकारीहरुले महत्वपूर्ण पाठ सिक्नुपर्ने र सक्ने कुरा स्वतः स्पष्ट छ ।

